# धुलिखेल नगरपालिकाको सातौँ नगर सभामा
# नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठद्वारा प्रस्तुत
# आ.व. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट

**आदरणीय सभाध्यक्षज्यू तथा सम्पुर्ण सभासदस्यज्यूहरु**

यस सम्मानित नगर सभामा आर्थिक वर्ष २०७७१०७८ को वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने पृष्ठभूमिमा सभामा उपस्थित भइरहँदा सोको पूर्वशर्तका रुपमा रहेको यस धुलिखेल नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम पारित गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को व्यवस्थाका आधारमा उल्लिखित नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस अवसरमा सर्वप्रथम, मलुकुमा संघीय लोकतान्त्रिक गणन्त्रात्मक राजनीतिक व्यवस्था स्थापना गर्नका  खातिर बिभन्न चरणका सशस्त्र संघर्ष, र शान्तिपूण जनआन्दोलनहरुमा शाहदत प्राप्त गर्नु हुने  आदरणीय अमर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । संघर्षको दौरानमा घाईते भई हालसम्म कष्टपूर्ण अपाङ्गता जीवन भोगीरहनु भएका योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु । हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड- १९ का कारण देशभर र देश बाहिर ज्यान गुमाउनु हुने नेपालीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। कोभिड- १९ को संक्रमणमा परी उपचाररत सबैको शिघ्रस्वास्थ्य लाभको कामना गदै कोभिड- १९ लाई पराजित गरी घर फर्कनु हुने सबैलाई बधाई तथा शुभकामना ब्यक्त गर्दछु । कोभिड- १९ को यस महामारीको विषम परिस्थितीमा अग्रभागमा रहेर सेवा गरिरहेका चिकित्सक, नर्स, स्वस्थ्यकर्मी,  सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बलुन्स चालक र तथा महामारी रोगथाममा खटिनु भएका सम्पूर्ण कर्मचारीहरुको उच्च प्रशंसा गर्दछु । अहिले देश **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांक्षाका साथ विकास उन्नति र समृद्धिको अग्रगामी अभियानमा अग्रसर भएको र गतिशील रहेको सर्न्दममा स्थायी शान्ति, स्थीरता, सुशासन र दिगो विकासका प्रतिफल जनसमक्ष प्रस्तुत गर्ने जिम्मेवारी हाम्रो काधमा आएको यस सम्मानित सभामा जानकारी गराउंन चाहान्छु ।

धुलिखेल नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भूगोल, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा र संस्कृति, कानुनी व्यवस्था र राज्यको पुनरसंरचनाको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ । यद्यपि, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा धुलिखेल नगरपालिकाकाको , विषयगत समितिहिरु, बजेट तथा योजना तर्जुमा समितिको सिफारिसका आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट छलफलका लागि पेश गर्ने अनुमति चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रममा अधिकांश प्रतिवद्धताहरु गत आर्थिक वर्षमा यसै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रमको निरन्तरतामा रहेको अवगत गराउन चाहन्छु । केही कुराहरु बदलिँदो परिस्थिति समेतलाई मध्यनजर गरी उपयुक्तताका आधारमा पेश गरिएको व्यहोरा समेत म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । नेपालको राज्य पुनःसंरचना पछि सम्पन्न भएको पहिलो चरणको स्थानीय तहको निर्वाचन पश्चात् धुलिखेल नगरपालिकाका तर्फबाट  सातौ नगर सभामा चौथो पटक नीति, बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महसुस गरेको छु । जनताले सात दशकसम्म गरेको बलिदानपूर्ण संघर्ष पछि यो सुनौलो अवसर हामी समक्ष जुरेको छ । नेपालको संघीय संरचना अन्तरगत जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय तहको महत्व, भावना र सार्थकता सम्पूर्ण सर्वसाधारणमा समेत वोध गराउने यो सुखद समयलाईलाई स्मरण गर्न चाहन्छु ।

१. यतिबेला कोभिड-१९ को महामारीले हाम्रा सम्पुर्ण काम कारवाहिहरु प्रभाीवित भएका छन् । कोभिड-१९ विरुद्धको संघर्ष र लडाई प्रमुख बनेको छ । जनताको जीवन रक्षा गर्नु हाम्रो पहिलो कर्तब्य बनेको छ । संक्रमण दैनिक बढिरहेको छ । तर हामी शुरुबाटै पुर्वतयारी  र योजनाका

साथ कृयाशील रहेकोले कोरोना भाइरसको रोकथाम, नियन्त्रण र उपचारमा चुस्त ब्यवस्थापन गर्न सक्षम भएका छौं । अबका दिनहरुमा पनि कोभिड-१९ लाई पराजित गर्न सबै एकढिक्का भई लाग्नुको बिकल्प छैन । म कोरोना भाइरस (कोभिड-१९) विरुद्धको अभियानमा मानव जीवन रक्षाका लागि उभिन सबैलाइ आव्हान गर्दछु ।

२. कोरोना भाइरसको महामारीद्वारा सिर्जिएकको संकटबाट नगरलाई मुक्त नगर बनाउँनु हाम्रो पहिलो दायित्व हुनेछ । हामीले कलपना नगरेको परिस्थति सृजना भएको अवस्थामा तत्कालका लागि विकास कार्क्रयमका प्राथतमकिाहरुमा केही फेरबदल गर्नुपर्ने बाध्यकारी परिस्थति सृजना भएको छ । अतः  आगामी आर्थिक बर्ष २०७७।०७८ का लागि विषयगत रुपमा आधारभूत स्वास्थ्य नगरको पहिलो प्रथमिकतामा परेको छ । विदेशमा आफ्नो रोजगारी गुमाएर घर फर्किएका युवाहरुका लागि उत्पादनशील कार्यमा लगाउँनका लागि कृषि तथा उद्यम व्यवस्थापन गरी आयआर्जन तथा रोजगार प्रर्वद्धनका लागि उच्च प्रथमिकता दिइएको छ ।

३. देशको राजधानी काठमाण्डौंसँग नजिक रही पर्यटन, व्यापार, जलस्रोत, कृषि र खानीको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरीको स्रोत र साधनको सु-व्यवस्थित उपयोगले धुलिखेलवासीको सम्वृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउन तथा नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो नगरसभा सफल हुने विश्वास लिएको छु ।

४. कोभिड-१९ को महामारीले खडा गरेको चुनौती र त्यससंग जोडिएर आएका असरहरुलाई समेत ध्यानमा राखी भविष्यमा आईपर्ने सम्भार्वि महामारीहरुसगँ योजनाबद्ध रुपमा जुध्नका लागि चालु आ.व.मा प्रकोप ब्यवस्थापन विशेष कोषका लागि १ करोड बरावरको रकमको ब्यवस्थापन गरेकोमा आगामि आ.व.०७७।०७८ का लागि रु ५० लाखको प्रारम्भिक बजेट विनियोजन गरेको छु । उक्त कोषमा नगर तथा देश विदेशमा रहनु भएका नगरका हितैषी, सुभेच्छुक तथा विकास साझेदारहरुबाट समेत सहयोग प्राप्त गर्न पहल गरिनेछ ।

५. बन्दाबन्दीका अवस्थामा औषधी, खाद्यवस्तु लगायत उत्पादमुलक उपभोग्य वस्तुहरुको सहज आपूर्ति हुने व्यवस्था मिलाउन संघीय तथा प्रदेश सरकार सँग समन्वयात्मक  प्रयत्न गरिने छ । बन्दाबन्दीबाट प्रभावित गरीब, असाहय तथा विपन्न परिवार दैनिक कमाई गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र कोभिड १९ ले निम्त्याएका अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी राहत तथा पुनर्स्थानामा प्राथमिकता दिइनेछ ।

६. यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनको रुपमा रहने आगामी आ.व. ०७७/०७८ को वार्षिक नीति, कार्यक्रमको तर्जुमामा नगरपालिकाका प्रयासहरुमा हरदम साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलहरु तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, सञ्चार जगत्, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु एवम् धुलिखेल नगरवासी सम्पूर्ण आदरणीय आमा-बुबा, दाजु-भाइ तथा दिदी-बहीनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु

**आदरणीय सभाध्यक्षज्यू तथा सम्पुर्ण सभासदस्यज्यू**

अब म चालू आ.व. ०७६।०७७ को बजेट समीक्षा पेश गर्न अनुमति चाहन्छु :

आर्थिक बर्ष २०७६/७७ को संशोधित बजेट संघीय सरकारबाट समानीकरण अनुदान रु १२ करोड ७ लाख, सर्शत अुनदान रु २४ करोड ९८ लाख ७ हजार, सडक बोड नेपालको आर्थिक तथा डिएफआडिको प्राविधिक सहयोगमा सडक मर्मत १ करोड १० लाख, सामाजिक सुरक्षा भत्ता बापतको रकम रु ९ करोड १० लाख, जिससबाट शसर्त अनुदान २ करोड १८ लाख, औद्योगिक ग्राम निर्माण ९२ लाख, फलफुल तथा तरकारी मुल्य श्रृखला विकास आयोजना ७ लाख, स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम ७५

लाख, प्रदेश पूर्वाधार विकास कार्यक्रम १ करोड, प्रदेश सरकार समानीकरण १ करोड १ लाख ६० हजार, प्रदेश सर्शत अनुदान १ करोड ७१ लाख ५७ हजार, प्रदेश समपुरक अनुदान १ करोड ९९ लाख ५३ हजार, नगर विकास कोष ऋण १ करोड २२, जनसहभागिता ३ करोड २५ लाख, बाँडफाँडबाट प्राप्तहुने मुअकर ७ करोड ५० लाख, घरजग्गा रजिष्टेशन शुल्क ४ करोड ५० लाख, सवारी साधन कर २ करोड २१ लाख ५८ हजार, आन्तरिक आय ६ करोड तथा मौज्दात अल्या ९ करोड ३० लाख ९९ हजार समेत जम्मा कुल रु. ९१ करोड १३ लाख ३२ हजारको बजेट तथा कार्यक्रम तर्जूमा गरिएमा चालु आर्थिक बर्षको जेष्ठमसान्त सम्म ६३ करोड ६५ लाख ९९ हजार ६२२ रुपयाँ अर्थात ७० प्रतिशत आम्दानी प्राप्त भै भएको छ भने खर्च तर्फ ४८ करोड ५ लाख ८३ हजार १९५ रुपयाँ अर्थात ५३ प्रतिशत भएको जानकारी गराउँछु । चालू आर्थिक बर्षमा हामीले लिएका नीतिहको समग्र कार्यान्वयनको अवस्था हामीले हासिल गरेको महत्वपूर्ण उपलब्धिहरु क्षेत्रगत रुपमा गरिएको प्रगतिको विवरण तथा हामीले भोगेका कठिनाई तथा अप्ठ्याराहरु एवम् सिकाईहरु समेटिएको स्थिति समिक्षा यस पूर्व उप-प्रमुखज्यूवाट आजै यस सभामा पेश भैसकेको छ ।

**सभासदज्यूहरु**

अव म आगामी आ.व. २०७७/०७८ को वजेट तथा कार्यक्रम तर्जुमाका गर्दा लिईएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शनका वारेमा जानकारी गराउँन चाहान्छु ।

१. नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।

२. संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानून तथा मापदण्डहरु ।

३. वडाहरुबाट आएका सुझाव तथा कार्यकमहरु ।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकताका आधारहरु ।

५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता तथा भौगोलिक तथा क्षेत्रगत सन्तुलनका आधारहरु ।

६. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था ।

७. स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु ।

८. संघीय सरकार र प्रदेश तहबाट प्राप्त अन्य मार्गदर्शन एवम् निर्देशन तथा सुझावहरु ।

९. पन्धौ संघीय योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु ।

१०. जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरु ।

११. मानवीय समृद्धि तथा सुखी जीवनका निमित्त संयुक्त राष्ट्र संघले निर्दिष्ट गरेका दीगो विकासका लक्षहरु ।

१२. नगरपालिको आवधिक एकिकृत नगर विकास योजना

१३. चौबषिय कृषि विकास योजना लगायत नगरपालिकाले तर्जुमा गरेका विषय क्षेत्रगत नीतिहरु,

१४. नगरपालिकाको आन्तरिक स्रोत र साधन तथा यसको सम्भाव्यता र चूनौतिहरु ।

**आदरणीय सभाध्यक्षज्यू तथा सम्पुर्ण सभासदस्यज्यू**

प्रस्तुत नीति, योजना र कार्यक्रम कार्यान्वयनको लागि नेपाल सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान ११ करोड ९६ लाख, सर्शत अनुदान २७ करोड ३७ लाख र समपुरक अनुदान १ करोड १२ लाख समेत जम्मा ४० करोड ४६ लाख । प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान १ करोड १ लाख ५९ हजार, सर्शत १ करोड ७४ लाख ३७ हजार, समपुरकम अनुदान २ करोड ९२ लाख ३५ हजार र विशेष अनुदान ५० लाख समेत ६ करोड १७ लाख ४० हजार । राजश्व बाँडफाँड अन्तर्गत बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर ७ करोड ७ लाख ८० हजार १३० रुपयाँ, घरजग्गा रजिष्टेशन शुल्क ५ करोड, बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर ३ लाख, बाँडफाँडबाट प्राप्त हुने दहत्तर बहत्तर २ लाख र सवारी साधन कर  २ करोड ५३ लाख ७४ हजार समेत गरि १४ करोड ६६ लाख ५४ हजार १३० रुपयाँ । आन्तरिक आम्दानी तर्फ मौज्दात अ.ल्या. समेत रु २२ करोड १ लाख १६ हजार ८७० रुपयाँ । नगर विकास कोष ऋण ९ करोड, समाजिक सुरक्षा भत्ता ११ करोड, जिल्ला समन्यव समितिबाट सभाहल निर्माण ६० लाख, सडक बोर्ड नेपाल १ करोड १० लाख, स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम १ करोड, प्रदेश पूर्वाधार विकास कार्यक्रम १ करोड, फलफुल तथा तरकारी मुल्य श्रृखला १० लाख तथा जनसहभागिताबाट ४ करोड समेत कुल जम्मा रु १ अर्व ११ करोड ११ लाख ११ हजार वजेट सीमा कायम गरेको छु। उक्त बजेट सीमाबाट चालू खर्च ५१ करोड ४ लाख ४० हजार अथात ४५.९४ प्रतिशत र पूजिगत तर्फ ६० करोड ६ लाख ७१ हजार अर्थात ५४.०६ प्रतिशत हुने गरी बाँडफाँड मिलाएको छु ।

अब म उल्लेखित बजेटको सिलिङ्गमा रहि आगामी आर्थिक बर्ष २०७७१७८ का लागि प्रस्ताव गरेको योजना, कार्यक्रम तथा हामीले उच्च प्राथमिकताका विषयहरुको वारेमा प्रकाश पार्न चाहान्छु ।

१. हामीले गत आ.व.मा एकमुष्ट वजेट विनियोजन गरी निर्माण थालनी गरेको ठुला सडक आयोजनाहरुलाई निरन्तरता दिएको छु । धुलिखेल नगरको केन्द्रसँग वडाकेन्द्रहरुसँग सिधा सडक सञ्जालसँग जोड्ने नीतिलाई नियमितता दिएको छु । यस कामका लागि रु २ करोड ४० लाख बजेटको व्यवस्था गरेको छु ।

२. **नगरपालिकाको  एकघर एकधारा नीति अनुरुप हाम्रो कार्यकालभित्रै सम्पूर्ण धुलिखेलवासीको लागि खानेपानीको उपलव्धता सुनिश्चत गर्न** खानेपानी आयोजना कार्यान्यनका लागि विभिन्न १४ वटा आयोजनाहरुको संचालनका लागि रु ३ करोड रकमको व्यवस्था गरेको छु । खानेपानी सुरक्षाका पर्याप्त उपाय अवलम्वन गरी संयुक्त राष्ट्र संघीय दिगो विकास लक्षलाई समेत सहयोग पुग्ने गरी आयोजना व्यवस्थापन गरिएको कुरा समेत अवगत गराउँन चाहान्छु ।

३. काभ्रे उपत्यका एकीकृत खानेपानी परियोजना यसै आर्थिक वर्ष सम्पन्न हुने अपेक्षा गरिएको छ । यसबाट सघन सहरी क्षेत्रको खानेपानीको अपर्याप्ततालाई सम्वोधन गर्नेछ ।

४. नगरको आन्तरिक आयको स्रोतलाई मजबुत गर्ने प्रयत्न स्वरुप नगर विकास कोषको १ करोड २२ लाख ऋण तथा नगरपालिकाको आन्तरिक लगानीबाट मुख्य बजारमा निर्माणाधीन सपिङ्ग कम्पलेक्स सम्मन्न भई आगामी आ.व. बाट पूर्ण रुपमा संचालनमा आउनेछ  ।

५. जिल्ला समन्वय समितिवाट प्राप्त अनुदान रु २ करोड र नगरपालिकाको लागत साझेदारीमा रु ४ करोड ५० लाखको लगानीमा सभा हल निर्माण कार्य आगामी आ.व. मा सम्पन्न गरिनेछ । यसले नगरक्षेत्रमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सेमिनारहरु संचालनका लागि आर्कषण हुने अपेक्षा गरेको छु । यसबाट नगरपालिकाको आन्तरिक आय बढोत्तरी हुने अपेक्षा समेत गरिएको छ ।

६. नगर यातायात गुरुयोजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ । सडक तथा सार्वजनिक जग्गा अतिक्रमणलाई कडाईका साथ नियन्त्रणका साथै सार्वजनिक जग्गाहरुको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

७. वडाहरुलाई विकासको आरम्भ विन्दुको रुपमा विकास गर्न आगामी आर्थिक बर्षमा प्रत्येक वडामा रु ६० लाखको निशर्त अनुदानको व्यवस्थ गर्न रु ७ करोड २० लाख बजेट बिनियोजन गरेकोछु ।

८. प्रत्येक वडालाई जनसंख्या, भुगोल, सिमान्तकृत जनसमुदाय वसोवास तथा राजश्व परिचालनको अवस्था समेतलाई मध्यनजर गरी वडाहरुको समानुपातिक विकासलाई मध्यनजर गरी प्रत्येक वडालाई न्यूनतम ६ लाख ५८ हजार देखि अधिकतमा ३० लाख ७९ हजार थप बजेटको व्यवस्था गरेको छु । यसको लागि लाई रु २ करोड थप बजेटको बिनियोजन गरेको छु ।

९. नगर, वडा तथा नागरिकबीच विकासमा साझेदारी तथा अपनत्व स्थापित गर्न तीनै साझेदारको समान १०।१० लाख हिस्सा हुने गरी प्रत्येक वडामा एक एक आयोजना कार्यान्वयन गर्न थप रु १ करोड २० लाख बजेटको नयाँ प्रस्ताव गरेको छु ।

१०. वडा अध्यक्ष बाहेकका नगरकार्यपालिकाका सदस्यहरुको नागरिक सँगको सम्वन्ध स्थापित गर्न प्रत्येक सदस्यहरुको सिफारिशमा पुर्वाधार संग सम्बन्धित एक योजना संचालनको लागि प्रति सदस्य रु ३ लाखको दरले २१ लाख बजेटको ब्यवस्था गरेको छु ।

११. नगरपालिका भित्रका मुख्य कृषियोग्य जमिनहरुमा सम्भाब्यताका आधारमा साना सिंचाई कुलो, लिफ्ट सिंचाई, थोपा सिंचाई, सिंचाई पोखरी, प्लाष्टिक पोखरी आदिको निर्माण तथा मर्मत गरी सिंचाई सुविधा विस्तार गरिने छ । यसका लागि आवश्यक बजेटको ब्यवस्था गरेकोछु ।

१२. डिएफआईडिको सहयोग र सडक बोर्ड तथा नगरपालिकाको सहकार्यमा निर्माणहुने १२.५ कि.मि. बाटो को मरम्मत कार्य अधिकांशतः सम्पन्न भईसकेको र बाँकि कामलाई आगामि आ.व. ०७७।७८ मा सम्पन्न गरिनेछ ।

१३. बढ्दो बस्ती तथा सवारी साधनको चापलाई व्यवस्थित गर्न नगर क्षेत्रमा भएका खुला क्षेत्रहरुको पहिचान गरी सःशुल्क तथा निःशुल्क पार्किङ्गका लागि कार्यविधि तर्जुमा गरेर लागू गरिनेछ । सवारी चापलाई व्यवस्थित गर्दै पार्किङ्गको उचित व्यवस्थापनका लागि सामुदायिक, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गर्ने नीति लिइनेछ ।

१४. संघीय सरकारको लगानी बोर्ड मार्फत रु ४७ अर्ब ३० करोडको लागतमा धुलिखेल ड्रीमलाण्ड परियोजना, ८१ अर्ब ४० करोडको लागतमा धुलिखेल मेडिसिटि अस्पताल र रु ४ अर्ब ७३ करोडको लागतमा धुलिखेल फोहर मैला ब्यबस्थापन (पनौती, बनेपा, पाँचखाल, नमोबुद्ध नगरपालिका सहित) निर्माण कार्यको लागि नगरपालिकाको तर्फबाट अधिकतम प्रयत्न गरिनेछ ।

१५. प्रदेश सरकारको सहयोगमा धुलिखेल नगरपालिकाको वडा नं ९,१०, ११ र १२ को संगम स्थल फस्कोट डाँडामा औद्योगिक ग्रामको निर्माण कार्यलाई अगामी आ.व.मा सम्पन्न गरिनेछ

१६. समावेशी विकासका माध्यमद्धारा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका जनजाति, दलित, महिला युवा र अपाङ्ग लगायतका समूदायको विकासका लागि समुदायस्तर सम्म विस्तार भएका क्षमता विकास तथा प्रवर्धनात्मक कार्यक्रम व्यवस्था गरी गरिवी निवारणका कार्य स्थायी रुपमा व्यवस्थापन गर्न "**मेयर गरिवी निवारण" कार्यक्रम**" संचालनका लागि रु १ करोड बजेटलाई नियमितता दिएको छु । नगरपालिकामा रहेको युवा, महिला, दलित, अपाङ्ग र आदिवासी जनजाति परिषद्हरुबाट नीति निर्धारण, सुझाव आदिको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरि कार्यक्रमहरु संचालन गरिने छ । यसका अलावा माहामारीका कारण रोजगारी गुमाएका श्रमिक, किसान, असाहाय व्यक्ति, गरीब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरीने छ ।

१७. वेरोजगारीको समस्यालाई अन्त्य गर्नका लागि आगामि आ.व.२०७७।७८ मा युवा वेरोजगारहरुलाई मध्यनजर गरी विभिन्न सिपमुलक तथा आयआर्जनकार्यलाई प्राथमिकता दिईने छ । आगामि आ.व. मा करिव ५ सय जना युवा, महिला, दलित, आदिवासी जनजाति, अपाङ्गवर्गहरुलाई विभिन्न खालका

तालिमहरुका साथै तालिमको अलावा आवश्यक प्रविधि हस्तान्तरण गर्ने तथा सहुलियतपूर्ण पूजीँ उपलब्ध गराउँन वित्तीय संस्थाहरुसंग समन्वय गरिनेछ ।

१८. सम्वृद्धि र विकास निर्माणको आधार, सम्पूर्ण क्षेत्रमा महिलालाई समान ब्यवहारको नारालाई आत्म साथ गर्दै नगर क्षेत्र भित्र महिला सशक्तिकरण र उद्यमशिलता विकासका लागि **"उप-मेयर महिला उत्थान कार्यक्रम"** संचालन गरिने छ । यस कार्यमा नगरका श्रृजनशील, उद्यमी तथा सामाजिक क्षेत्रमा कार्य गरिहेका महिलाहरुको सकृयता बढाईने छ । यस कामका लागि रु ३० लाख बजेटको व्यवस्था गरेको छु ।

१९. नवजात शिशु तथा सुत्केरी महिलाको पोषणमा उत्प्रेरित गर्न उपमेयर सुत्केरी प्रोत्साहन कार्यक्रमको प्रस्ताव गरेको छु । यसका लागि रु १० लाख बजेट व्यवस्था गरेको छु ।

२०. नेपालको संविधानले लैङ्गिक विभदेको अन्त्य गर्दै पछाडि परेको वर्ग तथा समुदाय, दलित, आदिवासी जनजाति, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिगक तथा यौनिक अलपसंख्यक, किसान, श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूति गरेको छ। आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

२१. हिंसा प्रभावित महिलाहरुको तत्काल उद्धार तथा संरक्षणका लागि संचालन गरिरहेको महिला सेफ हाउसको सञ्चालन तथा स्तरोउन्नति गरिने छ । यसका लागि २० लाख बजेटको ब्यवस्था गरेकोछु । हिंसापिडीत महिलाहरुको पुनर्स्थापना तथा स्वरोजगार प्रवर्धन गर्न उपमेयर महिला उत्थान कार्यक्रमबाट आवश्यक व्यवस्था मिलाईने छ ।

२२. बालबालिका, किशोर किशोरी तथा महिलाहरुको सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। साथै आपतकालिन अवस्था तथा संकटमा रहेका बालवालिकाहरुलाई तत्काल संवोधन गर्न सक्ने गरी आपतकालिन बाल संरक्षण कोषको संचालन गरिनेछ ।

२३. राष्ट्रका लागि महत्वपूर्ण योगदान पुराउँने जेष्ठ नागरिकहरुको सम्मान तथा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम मार्फत जेष्ठ नागरिकहरुको अनुभव, ज्ञान र सिपलाई समुदायमा उपयोग गर्ने वातावरणको सिर्जना गरिनेछ ।

२४. नेपाल सरकार र प्रदेश सरकारले सामाजिक सुरक्षा र जेष्ठ नागरिक लक्षित विशेष कार्यक्रमलाई उच्च महत्व प्रदान गरेकोछ। राज्यबाट सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिला, दलित बालवालिका, अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने मासिक सुविधा वैंक खाता मार्फत टोल र बस्तीस्तरमा नै उपलब्ध गराउँदै आएकोमा सो को निरन्तरता दिईनेछ।

२५. नेपाल सरकार र प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि प्राप्त कार्यक्रममा नगरबाट थप लागत साझेदारी गर्ने नीति लिइनेछ। नगर क्षेत्र भित्रका भौतिक संरचना, यायायात, सेवा सुविधा, साधन श्रोत, सूचना तथा सञ्चार प्रविधिलाई अपाङ्गतामैत्री बनाउने नीति लिइनेछ। सवै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनका लागि पुन:स्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरुको व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

२६. अपाङ्गवर्गका लागि विभिन्न सिपमूलक तथा आयअर्जनका कार्यक्रमहरु मार्फत सशक्त गर्नुका साथै जीवनयापनमा सहजीकरणका निमित्त सहायता सामाग्रीहरु उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

२७. **"धुलिखेलको आवाजः छुवाछुतमुक्त समाज** अभियान साकार पार्न समुदयस्तरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा अन्य समुदायसँगको सहकार्यात्मक कार्यक्रमहरुलाई दलित परिषदसंगको नेतृत्वमा निरन्तरता दिईनेछ ।

२८. शिक्षकको कार्य समयको निगरानी र अनुगमन तथा आन्तरिक अनुशासन अभिबृद्धि गरी शिक्षा क्षेत्रको सुशासन प्रवर्द्धनमा ठोस उपलब्धी हासिल गरिने छ। शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन तथा समग्र शिक्षाको गुणस्तर बढोत्तरी गर्न संघ र प्रदेश सरकारवाट प्राप्त बजेटको अलावा रु १ करोड २२ लाख रकम थप बजेटको व्यवस्था गरेको छ ।

२९. बैज्ञानिक एवं बालमैत्री सिकाई क्रियाकलाप प्रवर्द्धन गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुनिश्चत गर्न जर्मन सरकार र शैक्षिक प्रवर्द्धन केन्द्रको साझेदारीमा वहुकक्षा वहुस्तर (MGML) शिक्षण पद्धति थप ४ विद्यालयमा विस्तार गरिने छ । यसबाट सो शिक्षण पद्धति लागु भएका विद्यालयको संख्या १६ पुग्नेछ ।

३०. ECD मा सहयोगी कार्यकर्ताहरुलाई प्रति महिना रु १०००।० प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिएको छु । कक्षा ८ को परीक्षा र परीक्षार्थिको तथ्याकं कमप्यूटर सफ्टवेयर बनाई नगरपालिकावाटै व्यवस्थापन गरिएकोमा सो को निरन्तरता दिईने छ । यसै बर्ष नगरपालिकाको सर्भरमा यसको तथ्याकं राख्ने व्यवस्था मिलाएको छु । नगरपालिका क्षेत्रमा विभिन्न विद्यालय पूर्वाधार निर्माणमा लागत साझेदारीका लागि बजेटको व्यवस्था गरेको छु ।

३१. हालको कोरोनाको महामारी तथा विषम परिस्थितिमा शिक्षण सिकाईका वैकल्पिक मार्ग रेडियो पाठशाला, भर्चुअल माध्यम र अनलाइन कक्षा सञ्चालन गर्नुका साथै Work sheet को माध्यमबाट घरमा अभ्यास गराउँन विद्यार्थी शिक्षक साप्ताहिक भेटघाट कार्यक्रम संचालन गरिने छ ।

३२. साक्षर तथा नव साक्षरलाई निरन्तर शिक्षा कक्षाको सञ्चालन गर्दै सिकाई केन्द्र मार्फत नियमित पढाई सिप विकास गरिने छ ।

३३. शैक्षिक गुणस्तर सुधारका लागि माध्यामिक तहमा दरबन्दी कम भएका र सेक्सन खोलिएका विद्यालयहरुमा विज्ञान, गणित र अंग्रेजी विषयको विषयगत शिक्षक सुनिश्चित गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३४. बहु प्रतिभा पहिचान र विकास गरी विद्यार्थीको चौतर्फी विकासका लागि खेलकुद, सङ्गीत, कला, योगा, हस्त लेखन, चित्रकला साहित्य आदिका विधागत कक्षा सञ्चालनका लागि यात्री शिक्षकको व्यवस्था गरिने छ ।

३५. मेयरसंग विद्यार्थी कार्यक्रमलाई थप प्रभावकारी बनाइ निरन्तर सञ्चालन गरिने छ ।

३६. धुलिखेल नगरपालिका भित्रका कलेजमा उच्च शिक्षा अन्तर्गत स्नातक तह अध्ययन गर्ने धुलिखेल नगरपालिकाका स्थायी वासिन्दालाई मासिक पढाइ शुल्क पूर्ण निःशुल्क र अन्य स्थानीय तहबाट धुलिखेलमा अध्ययन गर्ने विद्यार्थीका लागि कलेज र नगरपालिकाबाट लागत साझेदारीमा पचास प्रतिशत शुल्क मिनाहाको व्यवस्था मिलाएको छु ।

३७. शैक्षिक गुणस्तर सुधारका लागि स्वच्छ प्रतिस्पर्धाको वातावरण कायम गर्न प्रत्येक वडामा कम्तिमा १/१ विद्यालयलाई नमूना विद्यालय बनाउने नीतिलाई निरन्तरता दिँदै थप ४ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु ।

३८. नमूना विद्यालयका छात्रछात्राका लागि विद्यालयसमेतको लागत साझेदारीमा नगरको छुट्टै लोगोसहितको पोशाकको व्यवस्था मिलाएको छु ।

३९. आवश्यकता र औचित्यताका आधारमा बाल विकास केन्द्रलाई पुनः वितरणको ब्यवस्था मिलाईने छ । र सबै तहका शिक्षक व्यवस्थापनका लागि दरबन्दी मिलान र विद्यालय समायोजन लगायतका व्यवस्थापकीय कार्य नियमित रुपमा गर्ने व्यवस्था मिलाएको छु ।

४०. विद्यालयको शैक्षिक कृयाकलापमा रहेको आधुनिक प्रविधिगत खाडल (Digital Gap) न्यूनीकरणका लागि कम्प्यूटर शिक्षकका लागि ICT Based तालिम प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

४१. घुम्ति प्र.अ.बैठकका माध्यमवाट विद्यालयहरुबीच आन्तरिक अवलोकनको व्यवस्था गरी संश्लेषणात्मक विधि अपनाई सवै विद्यालयमा राम्रा अभ्यासको आदान प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

४२. उत्प्रेरित विद्यार्थीले मात्र सहजरुपमा सिक्छन, सहज सिकाई वातावरण तयार गर्न स्वउत्प्रेरित शिक्षकले मात्र सिकाउछन् भन्ने यथार्थलाई आत्मसाथ गर्दे शिक्षकलाई स्वःउत्प्रेरणत्मक शैक्षिक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. शिक्षक, विद्यार्थी, अभिभावकहरुलाई नतिजाका आधारमा प्रोत्साहन तथा सचेत गराई सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गरिने छ ।

४४. शिक्षक तालिमलाई खोज, अनुसन्धान तथा आवश्यकतामा आधारित बनाई नविनतम प्रविधी मैत्री बनाइने छ ।

४५. राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहबाट निर्माण हुने गरी छुट्याइएको पाठ्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं सान्दर्भिक बनाइनेछ ।

४६. राष्ट्रिय रुपमा तयार नमूना पाठ्यक्रमलाई मुख्य सन्दर्भ सामाग्रीका रुपमा लिई संघीय प्रादेशिक तथा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका बिषयवस्तुलाई खुला सन्दर्भ सामाग्रीहरुको खोजी गर्दै पठन पाठन गर्ने नीति अवलम्बन गरिने छ ।

४७. निरन्तर विद्याथी मूल्यांङकनको प्रयोगलाई सुदृढीकरण गरी नगरस्तरीय परीक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइने छ । मूल्यांङकनको पद्दतिलाई शिक्षण सिकाई सुधारका लागि प्रयोग गरिने छ ।

४८. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्राक्रियामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ ।

४९. व्यवहारिक र जीवन उपयोगि शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

५०. अन्तर विद्यालय अनुभव आदानप्रदान तथा सिकाई पद्धतिमा समान्जस्यता ल्याउन समन्वयकारी भुमिका खेलिनेछ ।

५१. सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ । नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीका क्षमता विकास गरिनेछ ।

५२. यस नगरपालिका भित्र रहेको काठमाण्डौ विश्वविद्यालयमा हुने उच्च शिक्षाका लागि धुलिखेल नगर क्षेत्रका विद्यार्थीहरुलाई अध्ययन कोटाको व्यवस्थालाई निरन्तरता दिईएको छ। विश्वविद्यालय र नगरपालिकाका बीचमा सुमधुर सम्वन्ध स्थापित गर्न नीतिगत पहल लिइनेछ। सार्वजनिक निजी साझेदारीको अवधारणामा एक कृषि तथा पर्यटनको व्यवसायिक विद्यालय स्थापना र संचालन गर्न पहल गरीने छ । धुलिखेल अस्पताल संगको साझेदारीमा सामाजिक सुरक्षाका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

५३. विद्यालयहरुमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिनेछ ।

५४. धुलिखेल नगरपालिकालाई आकर्षक शैक्षिक हवका रुपमा विकास गर्दै लगिने छ । साथै कृषि, पर्यटन लगायतका विषयगत क्षेत्रका लागि आवश्यक पर्ने प्राविधिक सीपयुक्त जनशक्ति तयारी गर्न क्रमशः प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

५५. चालू आ.व.मा सञ्चालित मेयर कप फुटवल तथा भलिवल प्रतियोगितामा युवाहरुको उत्साहजनक सहभागिता रहेको थियो । यी कार्यक्रमहरुलाई परिमार्जन सहित निरन्तरता दिइएको छ । समग्र खेलकुद क्षेत्रको विकासको लागिरु १५ लाख बजेट विनियोजन प्रस्ताव गरेकोछु ।

५६. धुलिखेल बजारमा रहेको खेलमैदानमालाई अत्याधुनिक सुविधा सम्पन्न बनाईने छ ।

५७. नेपालको कूल जनसंख्यामा ४० प्रतिशत युवा (१६ देखि ४० वर्ष) रहेको अवस्थालाई दृष्टिगत गर्दै यस नगरपालिका क्षेत्रमा भएका युवाहरुको तथ्याङ्क संकलन गरी नगर क्षेत्रको आर्थिक समृद्धिमा युवाको योगदान अभिबृद्धि गर्ने नीति लिइनेछ । युवाको क्षमता विकास, युवा बहु प्रतिभाको पहिचान, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोंचको विकास गर्दै स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वावलम्वी र चरित्रवान बनाइनेछ ।

५८. सन् २०२० सम्ममा समग्र नगरलाई वालमैत्री नगरपालिका बनाउने नीतिलाई पुरा गर्ने शिलशिलमा हालै नगरपालिकाको वडा नं १०, ३, ४, ५, ६ र ७ वालमैत्री वडा घोषणा भएकोमा आगामी आ.व.मा ६ वटा वडाहरु वालमैत्री वडा घोषणा गरी समग्र नगरपालिकालाई नै बालमैत्री नगरपालिका घोषणा गरिने छ । बालावालिकाहरुको समग्र विकासमा नगरपालिकाले विशेष ध्यान दिने छ । यसको प्रभावकारी कार्यान्वयनका लागि रु ५० लाख बजेटको व्यवस्थापन मिलाएको छु । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ एवं कार्यान्वयन कार्यविधि २०६८ ले तोकेका ३९ वटा सूचकहरुलाई नै नगरपालिकाले स्थानीयकरण गरी लागु गर्नेछ ।

५९. वालमैत्री स्थानीय शासनको दिगो कार्यान्वयनका लागि बालक्लब, वडा बालसंजाल र नगरस्तरीय वालसंजालको दिगो परिचालन गरिनेछ । नगरपालिकामा नगरस्तरीय वाल संजालको सम्पर्क कार्यालयको समेत ब्यवस्था गरिनेछ ।

६०. स्वास्थ्य सेवा क्षेत्र तर्फ नेपाल सरकारवाट प्राप्त सशर्त अनुदानको अलावा रु ९० लाख बजेट थप गरेको छु । औषधी खरिदमा थप बजेटको व्यवस्था गर्दै, महिला स्वास्थ्य स्वयं सेविकालाई बैठक भत्ता वृद्धि, नगर स्वास्थ्य केन्द्र संचालनको लागि अनुदानको व्यवस्थाका साथै स्वास्थ्य उपकरण खरिद र श्रोत साधनको व्यवस्थापन गरि स्वास्थ्य सेवा चुस्तदुरुस्त बनाईनेछ ।

६१. नगरपालिकाबाट शुरुवात गरिएको स्वस्थ शहरको अभियानलाई निरन्तरता दिईने छ । यसका लागि प्रदेश सरकारवाट रु ३० लाख बजेटको ब्यवस्था भएकोमा प्रदेश सरकालाई हार्दिक धन्यवाद दिदै यसको पुर्ण कार्यान्वयनका लागि नगरपालिकावाट थप रु २० लाखको बजेटको ब्यवस्था गरेकोछु । यसवाट नगरपालिका पुर्ण रुपमा स्वस्थ शहरको रुपमा विकास हुदै जाने अपेक्षा लिएको छु ।

६२. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सरल पहुँचका लागि नगरपालिकाले उच्च प्राथमिकता राखी कार्य गरेको छ । नेपाल सरकारले लागू गरेको स्वास्थ्य बीमा कार्यक्रम सबै वडाका प्रत्येक घर परिवारमा नगरपालिकाको सहयोग र समन्वयमा विस्तार गरिनेछ । जेष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा बीमा कार्यक्रमलाई जेष्ठ नागरिकको घरदैलोसम्म विस्तार गरिनेछ । यस चालु आ.व. मा शुरुवात गरिएको जेष्ठ नागरिकहरु तथा अपांगहरुको कोरोना विमालाई आवश्यकता बमोजिम निरनन्तरता दिइने छ ।

६३. नगर स्वास्थ्य केन्द्र र क्लिनिकमा विशेषज्ञता सेवा सहित आधुनिक प्रयोगशाला सेवा विस्तार गरिनेछ । नागरिकका लागि आवश्यक औषधि नगर स्वास्थ्य संस्थामार्फत वर्षभरि नै निःशुल्क वितरणको प्रबन्ध मिलाइनेछ ।

६४. स्वास्थ्य क्षेत्रको जनशक्तिको अभावमा स्वास्थ्य सेवा अवरुद्ध हुन दिईने छैन । धुलिखेल अस्पताल लगायत संगको सहकार्यमा घुम्ती सिविरहरु संचालन गरीने छन् । स्वास्थ्यकर्मी हरुको सेवाको निरन्तरताको अनुगमन गरिने छ ।

६५. नगरपालिकाको स्वामित्वमा कम्तिमा १५ शैंयाको सरुवा रोग सम्बन्धि अस्पतालको स्थापना गर्न आवश्यक पहल गरिनेछ । वडास्तरमा नै बर्थिङ सेन्टरको स्थापना गरी मातृशिशु स्वास्थ्यमा सुधार गर्न विशेष ध्यान दिइनेछ ।

६६. धुलिखेल नगरपालिका भित्रका गर्भवती महिलाहरुवाट धुलिखेल अस्पताल र Birthing Centre मा बच्चा जन्माएमा सेफ्टी सामाग्री र नवजात शिशुलाई न्यानो कपडा उपलब्ध गराउने नीतिलाई आगामि आ.व.मा पनि नियमितता दिईने छ ।

६७. समग्र स्वास्थ्य क्षेत्रको एकीकृत सूचनाको व्यवस्थापनको लागि धुलिखेल अस्पतालको साझेदारीमा स्थापना गरिएको स्वास्थ्य सूचना केन्द्रको स्तरीकरण गरिने छ ।

६८. मानसिक रोग तथा मनोसामाजिक परामर्श कार्यक्रम विभिन्न गैर सरकारी संस्थाहरु संगको सहकार्यमा संचालन गरिएकोमा सो को निरन्तरता दिईनेछ ।

६९. महिला स्वस्थ्य स्वंयसेविकाहरुको सेवालाई प्रभावकारी बनाउँन यातायता खर्चको लागि प्रति महिना रु १०००।०० का दरले रकम उपलब्ध गराइएकोमा थप रु २००।०० बृद्धि गरि रु १२००।०० गराएको छु ।

७०. स्वास्थ्यको लागि व्यायाम जोड दिदै पार्कहरुमा खुल्ला व्यायामशाला फिटनेश पार्क निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

७१. धुलिखेल प्राथमिक स्वस्थ्य केन्द्रमा मृगौला विरामीका लागि डाईलोसिस सेवा विस्तारका लागी पहल गरिनेछ ।

७२. नगरपालिकावाट संचालित हाम्रो स्वस्थ्य हाम्रो सरोकार रेडियो कार्यक्रमलाई आगामि आ.व. मा पनि निरन्तरता दिईनेछ। यसवाट नगर तथा आसपासका ४० वटा जिल्लामा स्वस्थ्य सम्बन्धि कार्यक्रमहरु र स्वस्थ्य शिक्षा जनस्तरसम्म पुराउँनका लागि महत्वपुर्ण भूमिका खेल्नेछ ।

७३. आयुर्वेद सेवा विस्तारसँगै जिर्ण रोगीहरुको लागि स्वेदन तथा सिरोधारा कार्यक्रमको प्रवर्द्धन गरिनेछ । साथै आयुर्वेद सम्बन्धी स्थानीयस्तरमा जडिवुटी खेतीको लागि प्रोत्साहन गरिनेछ ।

७४. बढ्दो सहरीकरणसँगै नगर क्षेत्रमा विस्थापित हुन थालेको पशुपालन, कृषि प्रणालीको निरन्तरताका साथै कृषि भूमिको संरक्षण गर्न यसको विकास र विस्तारका लागि आधुनिकीकरण गर्ने र यसैका माध्यमबाट जनताको लागि आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरण गर्ने नीति लिइनेछ.कृषि क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निर्माण तथा प्राविधिक परिचालन गरी कृषि उत्पादन अभिवृद्धिका लागि आ.व.२०७७।०७८ को कार्यक्रममा विशेष कार्यक्रम ल्याइनेछ । सोका लागि धुलिखेल नगरपालिकाबाट तयार गरिएको चौबर्षिय कृषि रणनीतिक योजना समेतलाई ध्यान दिई रु १ करोड बजेटको व्यवस्था गरेकोछु ।

७५. कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको वीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई निःशुल्क तथा लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने नीति लिइनेछ। **"एक वडा एक उत्पादन"** कार्यक्रमलाई प्रथमिकता दिई सघन कृषि उत्पादन प्रणालीको विकास गरिनेछ ।

७६. अर्गानिक उत्पादन स्थानीय बजारमा ब्यवस्थापन नगरका ग्रामीण बस्तिहरुमा स्थानीय अर्गानिक उत्पादनमा जोड दिदै स्थानीय उत्पादन बिक्रिको बाजार ब्यवस्थापनको लागि कृषि उपज बजार केन्द्र स्थापनामा जोड दिईने छ ।

७७. कृषिक्षेत्रको लागत न्यूनिकरण गरी किसानहरुको मुनाफा अधिकतम गर्नका लागि कृषि यान्त्रिकीकरणमा जोड दिईनेछ । यसका लागि कृषि मार्फत सञ्चालन हुने गरी ५० प्रतिशत अनुदानमा पावर ट्रिलर, थ्रेसर, रिपर, प्लास्टिक टनेल जस्ता कृषि सामाग्रीहरु वितरण गर्ने नीतिलाई नियमितता दिईनेछ ।

७८. कृषि क्षेत्रलाई यान्त्रिकरण, आधुनिकीकरण र व्यवसायीकरणका साथै अर्गानिक कृषि कार्यलाई प्रवर्धन गर्न सिप्रेड संगको साझेदारीमा संचालित कृषि आधुनिकीकरण कार्यक्रमहरुलाई नियमितता

दिईनेछ । यसै गरि किसान २ परियोजना, फलफुल र तरकारीको श्रृखला अभिवृद्धि कार्यक्रमहरुको निरन्तरता दिईने छ ।

७९. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना तथा कृषि र पशु विकास ज्ञान केन्द्रसँग समन्वय र सहकार्यमा नगरपालिकाले लागत साझेदारी गर्दै धान, तरकारी, आलु, फलफूल र पुष्प व्यवसाय पकेट क्षेत्र घोषणा गरी कृषकको आय बृद्धि गरिनेछ । घुम्ती शिविरमार्फत माटो तथा गोवर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन बृद्धि गरिनेछ । व्यवसायिक पशुपंक्षी फार्महरु वातावरण तथा प्रविधि मैत्री बनाउन मापदण्ड तयार गरी लागू गरिनेछ ।

८०. नगरपालिका क्षेत्रमा रहेका खेतीयोग्य जमिनमा सिचाई सुविधा बृद्धि गरी कृषि उत्पादनमा बृद्धि गर्न पूर्वाधार विकासमा लागत साझेदारी गर्ने नीति लिइनेछ । सिंचाईका लागि सोलार पम्प प्रविधि प्रयोगमा प्रोत्साहन गर्न अनुदान दिने नीति लिइनेछ ।

८१. घर परिवारलाई पुग्ने अर्गानिक र स्वस्थ्य तरकारी आफैले उत्पादन गरी उपभोग गर्ने आदतको विकासका लागि करेसाबारी तथा कौसी खेती कार्यक्रम लक्षित समूह मार्फत सञ्चालन गर्ने नीति लिइनेछ । **नगर क्षेत्रमा उत्पादन गर्न सकिने र उर्वर जमिनलाई बाँझो राख्न पाइने छै**न । यस्ता क्षेत्रहरुमा समूह खेती प्रणाली गर्न चाहने कृषक समूहलाई नगरपालिकाबाट स्यालो टूयुवेल तथा सिचाई प्रणाली र कृषि औजार उपकरणमा अनुदान दिने नीति लिइनेछ ।

८२. **स्थानीय वस्तुको उपभोग गरौ, र उत्पादनलाई प्रोत्साहन गरौभन्ने** अभियान सञ्चालन गरी कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

८३. धुलिखेल नगरक्षेत्रका अधिकांश नागरिकहरुको मूख्य पेशाका रुपमा रहेको पशु व्यवसाय प्रवर्द्धनका लागि पशु स्वास्थ्य, नश्ल सुधार, पशु आहारा प्रवर्द्धन तथा यान्त्रिकीकरणमा जोड दिईएको छ । किसानहरुलाई निशुल्क रुपमा घासको विउँ वितरण गरिनेछ । पशु वीमा कार्यक्रममा लाग्ने पशुपालकहरुले व्यहोर्नु पर्ने प्रिमियमको २५ प्रतिशत मध्ये १५ प्रतिशत नगरपालिकाको तर्फबाट उपलब्ध गराउने व्यवस्थालाई नियमितता दिएकोछु । थुनेलो रोग नियन्त्रणका लागि गोठसुधार कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ । यसका लागि संघीय तथा प्रादेशिक बजेटका सशर्त कार्यक्रमका अतिरिक्त नगरपालिकाको तर्फबाट रु ४० लाख बजेटको व्यवस्था गरेको छु ।

८४. पशुपंन्छी सेवा अन्तरगत मेडिकल उपचार सेवा सहज र सुलभ तरिकावाट किसानहरुको घरदैलोमा पुराउंने नीति लिईनेछ । साथै पशुपंन्छीहरुको खोप सेवालाई निशुल्क रुपमा उपलब्ध गराइनेछ । पशु औषधीको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाएको छु ।

८५. कृषकहरुलाई पशुपालन सम्बन्धि सिपमूलक तथा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।

८६. एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिदै परम्परागत रुपमा पशु पंक्षी पालना गर्दै आएका कृषक तथा कृषक समूहलाई लक्षित गरी पशुपंक्षी व्यवसायलाई विविधीकरण गर्दै आयमूलक पेशाको रुपमा व्यवसायिक किसानहरु मध्येवाट उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

८७. स्वास्थ, सुरक्षित (मिट मार्ट) मासु पसल संचालन साझेदारी रुपमा संचालन गरिने छ ।

८८. नगर क्षेत्रको आर्थिक र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारिता अभिबृद्धि गर्न नगर क्षेत्रका सहकारी र वित्तीय क्षेत्रलाई परिचालन गर्ने नीति लिइनेछ । सहकारी ऐनमा समसामयिक परिमार्जन गरी सहकारी नियमावली जारी गरिनेछ । सहकारीको माध्यमबाट गरीब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानी आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिकाको साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८९. समस्याग्रस्त सहकारीहरुको पहिचान गर्दै सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्ने सहकारी क्षेत्रमा संस्थागत सुशासन कायम गर्न नगरपालिकाबाट अनुगमन गर्ने र प्रतिवेदन लिने प्रणालीलाई सशक्त बनाइनेछ ।

९०. सहकारी बजार विकास कार्यक्रमलाई निरन्तरता दिईने छ । उक्त कार्यक्रम अर्न्तगत छनौट भएको सहकारीहरु मार्फत तरकारी तथा कृषिजन्य उत्पादन ढुवानीका लागि प्रयोग हुने सवारी साधन खरिदका लागि नगरपालिकावाट लागत सहभागिता बापत थप बजेट उपलब्ध गराईने छ ।

९१. नेपाल सरकारले अवलम्बन गरेको सहकारी, सार्वजनिक तथा नीजि तीनखम्बे अर्थनीति अनुसार नगरबासिको आर्थिक विकासको निमित्त **"एक वडा एक नमुना सहकारी, एक सहकारी एक उत्पादन कार्यक्रम"** संचालन गरिनुका साथै सहकारी संघसंस्थाहरुसंगको साझेदारीमा तरकारी संकलन तथा विकि कक्षको विस्तार गरिनेछ ।

९२. नगरपालिकामा हस्तान्तरण भई आएका सहकारीहरुको संस्थागत तथा मानवीय क्षमता विकासका कार्यहरुलाई निरन्तरता दिनुका साथै सहकारीहरु मार्फत गरिवी न्यूनिकरणलाई विशेष जोड दईने छ । सहकारीसँगको सहकार्यमा सहकारी बजार प्रवर्द्धनमा जोड दिईनेछ ।

९३. धुलिखेल नगरपालिकामा संचालित गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा नगरपालिकामा कार्यक्रम तथा बजेट पेश गरी चौमासिक खर्च सार्वजनिक गर्ने व्यवस्थाको अनिवार्य सुरुवात गर्न र नगरपालिकामा दर्ता भए पश्चात मात्र नगरपालिका क्षेत्र भित्र कार्य गर्ने व्यवस्था गरिनेछ ।

९४. धुलिखेल नगरपालिकालाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न विभिन्न रणनीतिहरु तथा कार्यक्रम संचालन गरिएको छ । पर्यटकहरुको वसाइ अवधिलाई लम्वाउन निर्माणाधिन देवीस्थान पार्क तथा धुलिखेल मनोरन्जन पार्कमा जू निर्माण गर्न नगर विकास कोषबाट ऋण लिई आगामी बर्ष सम्पन्न गरिनेछ । सार्वजनिक यातायातबाट धुलिखेल धुम्न आउने विदेशी तथा आन्तरिक पर्यटकहरुलाई सुविधा दिन धुलिखेलमा अवस्थित होटलहरुको सहयोगमा शौचालय सहितको बसविसौनी निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

९५. विभिन्न वर्गहरुको भाषा संरक्षण, संस्कृति कला र साहित्यको जगेर्ना, जात्रापर्व ब्यवस्थापन आदिका लागि आवश्यक बजेट बिनियोजन गरेको छु । यसबाट परम्परागत जात्राहरुको निरन्तरतामा सहयोग पुग्नेछ । साथै नगरक्षेत्रका सबै जातिगत समुहको पहिचान, भेषभूषा, रहनसहनसरक्षण आदिको संरक्षणका कार्यक्रमहरुलाई नियमितता दिईनेछ ।

९६. होमस्टेहरुमा स्थानीय नृत्य तथा मौलिक भेषभुष तथा सस्कृती झल्कने कार्यक्रम संचालनमा जोड दिदै ऐतिहासिक र पुरातात्वीक मठ मन्दिरको मर्मत तथा संरक्षमा निरन्तरता दिईने छ ।

९७. धुलिखेल एउटा ऐतिहासिक तथा साँस्कृतिक शहर हो । हाम्रा संस्कृतिहरु मूर्त मात्रै छैनन् अमूर्त पनि छन् । विभिन्न जात जाति, जनजाति तथा भाषा भाषीका आफ्नै मौलिक सास्कृतिक धरोहरहरु छन् । यिनिहरुको संरक्षण, विकास तथा प्रवर्धन गर्नु हामी सवैको साझा कर्तब्य हो । समग्र संकृति संरक्षण तथा जात्रा पर्व व्यवस्थापन कार्यका लागि बजेटको व्यवस्था गरेकोछु ।

९८. सार्वजनिक निजी साझेदारी अवधारणालाई नगरको पर्यटन पूर्वाधार निर्माण कार्य तथा अन्य विकास कार्यमा अवलम्बन गर्ने कार्य गरिने छ ।

९९. यस नगरको वडा नं १ र २ मा रहेको छाँगे झर्ना र वडा नं ११ मा रहेको कपिलेश्वर माहादेवलाई रहेको क्षेत्रलाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्नका लागि सम्भाब्यता अध्ययन गरी कार्य प्रारम्भ गरिनेछ ।

१००. राष्ट्र निर्माता पृथ्वीनारायण शाह, राष्ट्रिय विभूति बलभद्र कुंवरको शालिक, साहित्यकार गुरु प्रसाद मैनाली र स्व. राजन कोईरालाको सालिक निर्माणको कार्य चालु आ.व. मा सम्पन्न भैसकेको हुँदा आगामी आ.व.मा सो क्षेत्रहरुलाई पुर्णरुपमा संचालनमा लेराईनेछ ।

**१०१.** काठमाण्डौ विश्वविद्यालय, कर्मचारी संचय कोष र नगरपालिकाको संयूक्त साझेदारीमा रु ३० कारोडमा निर्माण गरिने अन्तरिक्ष सम्बन्धि प्रदर्शन केन्द्र स्थापनाको सम्भाव्यता अध्ययनलाई प्रथमिकताका साथ अघि बढाईनेछ ।

**१०२.** नगरका बेरोजगारहरुको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्दै नगर तथ्याङ्क केन्द्र स्थापनाका अलवा स्वरोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइ प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकरिताका साथ संचालन गरिने छ ।

**१०३.** प्रदेश सरकारको सहयोगमा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाई आगामि आ.व. बाट संचालन गरिनेछ। यस कार्यका लागि प्रदेश सरकार बजेत विनियोजन भैसकेको समेत जानकारी गराउँदछु ।

**१०४.** नगरक्षेत्रको विद्यमान वन संरक्षण र प्रवर्द्धन गरी खुला तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिई नगरपालिकाको हरियाली क्षेत्रको विस्तारमा जोड दिईनेछ ।

**१०५.** हरेक वडामा न्यूनतम **"एक खेलमैदान, एक पोखरी, एक नर्सरी र एक बाल उद्यानको"** अवधारणालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने चालू आर्थिक बर्ष देखि बडा कार्यालयको बजेट सिलिङमा बजेट थप गरी निरन्तरता दिईएको छ ।

**१०६.** एकीकृत नगर विकास योजना अर्न्तगत भूमिको उपयोगलाई व्यवस्थित गरी अव्यवस्थित वसोवास, कृषियोग्य भूमि तथा वनक्षेत्रभित्र हुने वस्ती विस्तारलाई निरुत्साहन गरी भू उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ ।

**१०७.** धुलिखेल नगरबासीमा पूर्ण सरसफाईको उपलब्धता र पहुंच सुनिश्चित गर्दै स्वच्छ वातावरण तथा गुणस्तर जीवनको प्रत्याभुतिका लागि सफा, सुरक्षित तथा दिगो रुपमा दिसाजन्य लेदो व्यवस्थापनको सेवा तथा सुविधामा पहुंच बढाई जनस्वास्थ्य तथा सरसफाईमा टेवा पुर्‍याउन दिगो विकासको लक्ष्य लिई धुलिखेल नगरपालिकामा स्थानीय दिसाजन्य लेदो व्यवस्थापन नीति, २०७७ तर्जूमा गरी लागु गर्ने नीति लिईनेछ ।

**१०८.** फोहरमैला व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गरिने छ । यसका लागि नगरपालिकाबाट खरिद गरिएको जग्गा सम्म फोहोर ढुवानीको सहजताको लागि पहुँचमार्गको स्तारोन्नति गरिनेछ ।

**१०९.** खुल्ला दिसामुक्त नगरपालिका घोषणा भैसकेको सर्न्दभमा पुर्णसरसफाई तर्फ उन्मुख कार्यक्रमहरुलाई निरन्तरता दईने छ ।

**११०.** बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फत निजीक्षेत्रको साझेदारीमा १८ करोडको लगानीमा निर्माण हुन लागेको फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्यलाई तादरुकताका साथ अघि बढाईने छ । यसरी निर्माण हुने प्रशोधन केन्द्रबाट ग्यासका अलवा अर्गानिक मलको समेत उत्पादन भई नगरपालिकाको दिगो आन्तरिक आम्दानीको श्रोत हुनेछ ।

**१११.** अरनिको तथा विपी राजमार्ग भएर प्रवेश गर्ने निजी तथा सार्वजनिक सवारी साधनहरुवाट निष्कासन हुने फोहोरका कारण नगरपालिकाभित्रको राजमार्गक्षेत्र प्रदुषित बन्दै गएकोले त्यस्ता सवारी साधनभित्रै डस्टविन राखी फोहोर संकलन गर्ने र नगरपालिकाले तोकेको स्थानमा विसर्जनको व्यवस्था मिलाईनेछ ।

**११२.** विलगेट्स एण्ड मेलिण्डा फाउण्डेशनको सहयोग तथा नगरपालिका सघ संगको सहकार्यमा संचालन भईरहेको दिसाजन्य लेदो व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**११३.** प्रदेश सरकारसँगको साझेदारीमा चालु आ. व. मा शुरु गरिएको नगरपालिका वडा नं ६ को भैरवस्थानमा काठको ट्रिटमेन्ट प्लान्ट स्थापना गर्ने कार्य आगमी आर्थिक वर्षमा सम्पन्न हुनेछ । सो को लागि रु ४ करोड वजेट व्यवस्था भएको जानकारी गराउन चाहन्छु ।

**११४.** यस धुलिखेल नगरपालिकाको वडा नं. ४ मा रहेको विगत लामो समयदेखि सम्पन्न हुन नसकेको धुलिखेल जग्गा विकास आयोजना (Landpooling) लाई आगामी आ.व.मा पूर्वाधार निर्माण गर्न नगर विकास कोषसँग ऋण प्रकृया अगाडी बढाइ सम्पन्न गर्न आवश्यक प्रकृयालाई अघि बढाईने छ ।

**११५.** नगरलाई आगलागिबाट सुरक्षा प्रदान गनृका लागि खरिद गरीएको दमकलको दिगो तथा भरभर्दो परिचालन गरिनेछ ।

**११६.** पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारक्षेत्र सम्बद्ध निकायहरुसँग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ । एकै स्थानवाट सूचना तथा सञ्चारको व्यवस्थापनका लागि मिडिया सेन्टर को स्थापना गरिनेछ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

**११७.** नागरिकहरुलाई सर्वसुलभ रुपमा न्याय दिने परिकल्पना सहित गठन भएको न्यायिक समितिलाई क्षमता विकास गर्दै उक्त समितिबाट प्रभावकारी रुपमा न्याय सम्पादन हुने गरी आवश्यक बन्दोबस्त गरिने छ । न्यायिक समितिको कार्यमा सघाउने सामुदायक मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

**११८.** नगरपालिकावाट प्रवाह गरिने सेवा प्रवाहलाई सरल र सहजताका लागि नेपालको संविधान र यस मातहतका कानूनको मातहतमा रहि ३६ वटा ऐन, नियम र कार्यविधिहरु हाल सम्म तयार गरिएकोमा आगामि दिनमा अन्य आवश्यक कानूनहरु तर्जुमा तथा स्वीकृति गरिदै लगिने छ ।

**११९.** नागरीकस्तरवाट आफ्नो पेशा, ब्यवसाय कला साधना र सहित्य सृजना मार्फत धुलिखेललाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा चिनाउने हाम्रा मेहनती र आदरणीय नागरिकहरुलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा संम्झने, सम्मान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

**१२०.** कर संकलन, घर निर्माणको अनुगमन, फोहर व्यवस्थापनको निगरानी तथा मापदण्ड पालनामा खटिने नगर प्रहरीको क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था मिलाएको छु । दमकलमा थप दक्ष कर्मचारी व्यवस्थापन गरी दमकल सेवालाई प्रभावकारी र भरपर्दो बनाईने छ ।

**१२१.** राजस्व संकलन गर्ने लगायत सहज सूचना प्रवाहको लागि बाकीं वडाहरुमा यसै वर्ष आफ्नै अप्टिकल फाइबर जडान गरी नगरपालिका केन्द्रसँग सोझै जोडिने छ । यसबाट वडाहरुमा इन्टरनेट राजश्व संकलन, सिसि क्यामेरा सर्भेलेन्स, ई हाजिरी व्यवस्थापन लगायतका कार्यमा सहजीकरण हुनेछ ।

**१२२.** सूचना प्रबाह लाई अझै चुस्त बनाउन डिजिटल डिस्पे बोर्डको व्यवस्था गरिनेछ ।

**१२३.** नगरपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित बनाउँन र कागजरहित तथा अनलाईन सेवाको प्रवर्द्धन गर्न यस क्षेत्रमा प्रयोग भईरहेका सफ्टवेयर तथा मोवाईल एप्लिकेशनहरुको प्रयोग गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**१२४.** नगरका सवै वडाहरुलाई समेटी संवेदनशील क्षेत्रको सुरक्षाको लागि जिल्ला प्रहरी कार्यालयले मोनिटरिङ गर्ने गरि नगरका चोक र महत्वपूर्ण स्थलहरुमा सिसिटिभी जडानको काम चालु आव बाटैसुरु भई सकेको र थप अन्य ठाउमा सिसिटिभी क्यामरा जडान गरी नागरिक सुरक्षा प्रणालीलाई व्यवस्थित गरिनेछ । संचार तथा सूचना प्रविधिको व्यवस्थापनका लागि बजेटको ब्यवस्था गरेको छु ।

**१२५.** सबै कर्मचारीहरुलाई सूचना प्रबिधि मैत्री बनाउनको लागि सूचना प्रबिधि सम्बन्धि तालिम कार्यक्रम संचालन गरिने छ ।

**१२६.** नगर भित्रका सम्पूर्ण डाटा ब्यबस्थापन को लागि आफ्नै सर्भरको व्यवस्था गरिएको साथै आर्थिक कारोबार लाइ Cyber Threats बाट बचाउनको लागि Firewall System र SSL Certificate को व्यवस्थापनका लागी बजेटको व्यवस्था गरेको छु ।

१२७. राजश्व परामर्श समिति तथा सरोकारबालाहरुको समेत छलफल तथा कोभिड १९ पछिको महामारीबाट आम क्षेत्रमा पर्न गएको प्रभावलाइ ध्यान गर्दै आगामी आवको लागि कुनै पनि करको दरमा परिवर्तन गरिएको छैन ।

१२८. अपाङ्ग परिचय पत्र भएको धुलिखेल नगरपालिकाको स्थायी बासिन्दा ब्यक्तिको सम्पत्ती कर, सडक वत्ती शुल्क र विपद ब्यवस्थापन शुल्कमामा सतप्रतिशत छुट दिने ब्यवस्था मिलाएको छु ।

१२९. कोभिड १९ को महामारीका कारण यस नगरपालिका क्षेत्र भित्रका ब्यवसायमा समेत गम्भीर नकारात्मक प्रभाव परेकोले चालू आवमा नगरपालिकाले लिने सबै प्रकारका व्यवसाय करमा लकडाउन अवधिभरको राजश्वमा दामासाहीले हुने रकममा छुट दिने ब्यवस्था गरेकोछु । साथै चालु आव सम्म यस नगरपालिकालाइ बुझाउनु पर्ने सबै प्रकारका कर बक्यौता २०७७ आषाढ मसान्तसम्म बुझाएमा जरिवाना बापतको रकममा सतप्रतिशत छुट दिने ब्यवस्था मिलाएको छु ।

१३०. चालू आ.व.मा नगर यातायात गुरु योजनाको निर्माण भएको छ । आगामी आ.व.मा भू-उपयोग योजनाको तर्जुमा हुनेछ । यस्तै अरु क्षेत्रगत योजनाहरु पनि बन्नेछन । धुलिखेललाई सुदुर भविष्य सम्म डोर्याउन यी योजनाले वलियो जगको काम गर्ने छन् भन्ने मैले विश्वास लिएकोछु ।

१३१. धुलिखेल क्षेत्रमा पानीको दिगो उपयोग श्रोतको पहिचान र प्रथमिकिकरण विषयमा साथै पहिचान गरीएको खानेपानी आयोजनाको स्रोत व्यवस्थापनसमेत गर्ने प्रयोजनका लागि क्यगतज (Asian Institute of Advance Studies (SIAS) सँगको साझेदारीमा पानीका दिगो ब्यवस्थापनका लागि पानी चौतारी, पोखरी निर्माण, पानीको श्रोत संरक्षण लागयतका कार्यक्रमहरु संचालन कार्यलाई निरन्तरता दिईने छ । साथै WWF र KU संगको सहकार्यमा रोशी जालाधार संरक्षण र झिकु खोला जालाधार क्षेत्रको अध्ययन कार्य समेत सम्पन्न भएकोछ । उक्त संस्थाबाट धुलिखेलको समग्र खानेपानीको अवस्था सहितको पुस्तक प्रकाशनको अन्तिम अवस्थामा रहेका समेत जानकारी गराउँछु ।

१३२. धुलिखेलको पुरानो बजार, श्रीखण्डपुर र ईटेको मुख्य क्षेत्र भित्र घर अगाडिको मोहडा पुरानो तथा पुरातात्विक शैली झल्कने गरी निर्माण कार्य गर्ने गरि नक्शा पास गर्ने प्रकृयालाई निरन्तरता दिईनेछ । यसरी निर्माण गरिने घरको नश्शापासमा ५० प्रतिशत राजश्व छुट दिईने ब्यवस्थालाई निरन्तरता दिएको छु । साथै पुरानो घर अनुसारको डिजाईनमा सम्बन्धित घरधनिले घर निर्माण गरेमा नक्शाको डिजाईन तथा पास निशुल्क गरिनुका साथै घर नक्सा स्वीकृत कम्प्युटर प्रणाली मार्फत गरिनेछ ।

१३३. बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड बमोजिम प्लटिङ्गलाई ब्यबस्थित गरिनेछ । प्लटिङ्ग गार्दा अनिवार्य रुपमा नगरपालिकावाट स्वीकृती लिनुपर्ने छ न.पा बाट स्वीकृति नलिई गरिएको प्लटिङ्गमा नक्सा पास नगर्ने नीति हामीले तर्जूमा गरिसकेको छौ । यस्ता प्लटिङ्गहरुलाई समयमा नै स्वीकृति लिन पनि एक महिना समय अबधि तोकी सूचना जारी गरिसकीएको छ । अयोग्य क्षेत्रमा प्लटिङ्ग स्वीकृति दिइने छैन ।

१३४. चालु आब मा सुरु गरिएका Free WIFI लाई यस बर्ष निरन्तरता दिंदै यसै वर्ष थप १० पर्यटकीय तथा साँस्कृतीक स्थानहरुमा जडान गरिने छ ।

१३५. सूचना प्रबाह लाई अझै चुस्त बनाउन कार्यालय परिषरमा Digital Display बोर्ड को व्यवस्था गरिने छ ।

१३६. आगामी आ.व. मा राजस्व संकलन को लागि E-payment सिस्टम संचालनको लागि थप प्रक्रिया अघि बढाइने छ यस बाट नगरबासीलाई राजस्व बुझाउने कार्यमा सहजता हुने छ ।

१३७. नगरपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित बनाउँन र कागजरहित तथा अनलाईन सेवाको प्रवर्द्धन गर्न यस क्षेत्रमा प्रयोग भईरहेका सफ्टवेयर तथा मोवाईल एप्लिकेशनहरुको प्रयोग गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**१३८.** नगरका सवै वडाहरुलाई समेटी संवेदनशील क्षेत्रको सुरक्षाको लागि जिल्ला प्रहरी कार्यालय, बैकिङ्ग क्षेत्र, पर्यटन ब्यवसायी र संघसंस्थाहरु संग सहकार्यमा CC Camera जडान गरी नागरिक सुरक्षा प्रणालीलाई व्यवस्थित गरिनेछ । संचार तथा सूचना प्रविधिको व्यवस्थापनका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

**१३९.** सामाजिक सुरक्षा भत्ता तथा ब्यक्तिगत घटना दर्ता कम्प्यूटरकृत तथा अन लाईन प्रणालीवाट शुरुवात गरिएकोमा सो को निरन्तरता दिईने छ । सामाजिक सुरक्षाका लागि ११ करोड बजेटको व्यवस्थापन गरिएको छ । साथै पाँच बर्ष मुनिका दलित बालवालवालिका लागि सेभ द चिल्ड्रेनको आर्थिक तथा प्रविधिक सहयोगमा संचालन भईरहेको पहुँच परियोजनालाई आगामि आ.व.मा पनि निरन्तरता दिईनेछ ।

**१४०.** सामाजिक सुरक्षा र ब्यक्तिगत घटना दर्ताको नमुना सिकाई केन्द्रको रुपमा प्रत्येक वडाहरुलाई विकास गरिनेछ । जसले गर्दा देशभरका स्थानीय तहवाट सिकाईको लागि नगरपालिका आर्कषक केन्द्रको रुपमा विकास हुनेछ ।

**१४१.** सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल, सहज र पारदर्शि बनाइ VERSP-MIS बाट Forward Feed/Reverse Feed मार्फतबैङ्किङ प्रणालीमा आवद्ध गरिएको र ९० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई वडा वडामा गई बैंक मार्फत सहजिकरण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

**१४२.** परिवर्तित सन्दर्भ अनुरुप सेवा प्रवाहमा प्रभावकारिता ल्याउन निर्वाचित जनप्रतिनिधिहरु तथा नगरकार्यपालिकाको कार्यालय वडा कार्यालयमा कार्यरत कर्मचारीको लागि क्षमता विकासका तालिम सञ्चालन गरिनेछ ।

**१४३.** कार्यालयमा रहेका पुराना सवारी साधनहरुको मर्मत सम्भार खर्च अत्यधिक हुने गरेकाले यस्ता सवारी साधन लिलाम विकि वा अन्य निकायलाई हस्तान्तरणको प्रक्रिया सम्पन्न गरिनेछ ।

**१४४.** स्वास्थ्यकर्मी, शिक्षक लागयतका राष्ट्रसेवकहरु कर्मचारीहरुको मनोवल र उत्प्रेरणा उच्च गर्न नगरपालिका परीवारको रुपमा नगरपालिका वा मातहतमा कार्यरत सवै कर्मचारीहरुलाई कार्यक्षेत्र तथा पदीय स्वरुप समेत समेटी निजहरुले सम्पादन गरेको कामको अवस्था, सेवाग्राहीसँगको सम्वन्ध समेतको आधारमा मूल्याङ्कन गरी पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

**१४५.** कर्मचारीहरुलाई उच्च मनोवलका साथ कामकाज लगाउन उनीहरुमा भएको ज्ञान, सीप र क्षमताको उचित मुल्यांकन गरी Right Person in Right Place का आधारमा कार्य विवरण सहितको जिम्मेवारी बाँडफाँड गर्दै लगिनेछ ।

**१४६.** पारदर्शिता तथा जवाफदेहिता प्रवर्धनका लागि नगरपालिकाबाट सम्पादन भएका कामहरुको अवस्था र प्रगति बारे सर्वसाधारणको चासोलाई सम्बोधन गर्न सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्न र सो कार्यक्रम वडास्तरबाट समेत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

**१४७.** कोरोना विरुद्धको लडाईंमा प्रत्यक्ष संलग्न स्वास्थ्यकर्मी तथा अन्य राष्ट्रसेवकहरुको मनोवल उच्च राख्न थप प्रोत्साहन दिने व्यवस्था मिलाईने छ ।

**१४८.** नगरपालिकाबाट भवन निर्माण ईजाजतमा ढिलासुस्ती र हैरानी भएको भन्ने सेवाग्राहीको गुनासोलाई सम्बोधन गर्न नगरपालिकाका कर्मचारीहरुबाटै नक्सा डिजाईन गरिदिने व्यवस्था मिलाईने छ । सो कार्यको लागि सेवाग्राहीबाट न्यूनतम शुल्क लाग्ने व्यवस्था मिलाई नक्सा डिजाईनमा संलग्न कर्मचारीहरुलाई अतिरिक्त प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

**१४९.** स्वीस सरकार, हेल्भेटासको सहयोगमा यस नगरपालिकामा संचालित सुरक्षित आप्रवासन (सामी) परियोजनालाई आगामि वर्ष पनि निरन्तरता रहनेछ ।

१५०. यस नगरपालिका र उल्जिन काउन्टी, दक्षिण कोरिया बीच भगिनि सम्बन्ध स्थापनार्थ प्रारम्भिक सम्झौता सम्पन्न भई सकेको छ। यस सम्बन्ध पश्चात दुवै शहरहरुबीच मित्रवत सम्बन्ध स्थापित भई दुवै देशको नियम कानुनमा आधारित रही पारस्पारिक लाभ तथा समानताको सिद्धान्तमा कृषि, व्यापार, पर्यटन, संस्कृति, शिक्षा, व्यक्तित्व विकास, व्यापार प्रवर्दन, पारस्परिक सम्बृद्धि लगायतका विविध क्षेत्रहरुमा सक्रिय तथा प्रभावकारी रुपमा सहयोग आदान(प्रदान तथा सहकार्य अभिवृद्धि गर्दै दुवै तर्फको साझा सम्मृद्धि तथा विकास प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। यसै अनुरुप नगरपालिकाले छिमेकी देश चीनको ईयू शहर सँग भगिनी सम्बन्ध स्थापना गर्ने प्रक्रियामा रहेको र सोको लागि आवश्यक अभ्यासहरु गरिदै उक्त शहर बीच छिट्टै नै भगिनी सम्बन्ध स्थापना हुने व्यहोरा समेत यस सम्मानित सभामा जानकारी गराउदछु।

१५१. धुलिखेल नगरपालिकाको समग्र पर्यटनको प्रवर्द्धन तथा विकासका लागि सो क्षेत्रमा निरन्तर कार्य गर्ने सँस्था सँग सम्बन्ध विस्तार गर्ने नगरपालिकाको लक्ष्य रहेको छ। यसै अनुरुप अन्तराष्ट्रिय पर्यटनको विकासमा कार्य गर्ने अग्रणी अन्तराष्ट्रिय संस्था **(TPO- Tourism Promotion Organization for Asia Pacific Cities)** सँग सदस्यता लिने कार्य समाप्त भएको छ। उक्त संस्था सँग आफ्नो पर्यटन प्रवर्द्धन तथा पर्यटन उद्योगको स्थापना तथा विकास गर्ने उदेश्यले विश्वका लगभग २०० भन्दा बढी शहरहरु आबद्द भईसकेको सन्दर्भमा धुलिखेल पनि एक ऐतिहासिक, पुरातात्विक, प्राकृतिक सम्पदाले भरिपूर्ण भई पर्यटनको प्रचुर सम्भावनायुक्त नगरी भएको कारणले उक्त संस्था सँग सदस्यता लिन पहल गरिएको हो। उक्त सँस्था सँगको सदस्यता पश्चात नगरपालिकाले आफ्नो पर्यटन प्रवर्द्धनमा अन्तराष्ट्रिय स्तरमा भएका पहलहरु सिक्न र बुझ्न मौका मिल्नेछ।

१५२. नगरपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधि ज्यूहरुलाई अन्तराष्ट्रिय स्तरको विषयगत तालिम प्रदान गरी सिप विकास गराउने उदेश्यले नगरपालिकाले विभिन्न अन्तराष्ट्रिय संघ संस्थाको सदस्यता लिने निति अगाडी बढाईएको छ। यसै क्रममा **WeGO(World E-Government Organization)**सँग सदस्यता लिईएको र उक्त संस्थाको आयोजनामा नगरपालिकामा कार्यरत विभिन्न शाखागत कर्मचारीहरुलाई विभिन्न सीप मूलम तथा क्षमता विकास तालिममा सहभागि गराईसकिएको छ। यसै क्रममा नगरपालिकाको शहरी विकास तथा सडकको स्तरिय व्यवस्थापनका गर्न सडक सम्बन्धी कार्य गर्ने अन्तराष्ट्रिय संस्था ( **IRF)International Road Federation** सँग सदस्यता लिने सम्बन्धमा आवश्यक पहल समेत भईरहेको छ, यसका साथै विश्वका विभिन्न देशहरुका स्थानीय सरकारहरुको संगठनका रुपमा स्थापित **UCLG ASPAC (United Cities and local Government Asia Pacific)** संस्था सँग समेत सदस्यता लिने सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाईएको छ।

१५३. यस संस्था संगको सदस्यता पश्चात विश्वका विभिन्न राष्ट्रका स्थानीय सरकारबाट हुने काम कारवाही, कार्य सम्पादन, विकास आयामिक गतिविधिहरुलाई अध्ययन तथा प्रत्यक्ष अवलोकनबाट सिक्न र बुझ्न उपर्युक्त वातावरण सिर्जना हुनेमा अपेक्षा लिईएको छ।

१५४. त्यस्तै नेपाल नगरपालिका संघको संयोजन तथा **UCLG ASPAC (United Cities and local Government Asia Pacific)** को सहकार्य एबं वाताबरण तथा जनसंख्या संस्था (एन्फो) को प्राबिधिक सहकार्यमा नेपालका ५ वटा नगरपालिकामा संचालित (Municipalities Network Advocacy on Sanitation in South Asia) परियोजनाको कार्यन्वयन सन्दर्भमा नेपाल नगरपालिका संघ र धुलिखेल नगरपालिका बीच समझदारी पत्रमा (MOU) हस्ताक्षर समेत सम्पन्न गरिएको छ।

१५५. दुई शहरहरुबीचको मित्रतालाई अझै बढावा दिने सम्बन्धमा चीनको सियान नगरपालिकाका सँग मित्रवत सम्बन्ध स्थापनाका लागि प्रक्रिया अगाडि बढाईएको छ। यस सम्बन्ध बिस्तार सँगै दुई शहरबीच दुईपक्षीय हित र आपसी चासोका विषयमा सहयोग हुनेमा अपेक्षा लिईएको छ। यस सम्बन्ध बिस्तारको प्रारम्भिक छलफलमा विशेषत सियानमा रहेका विभिन्न विश्वविद्यालयमा

धुलिखेल नगरपालिकाका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने सम्बन्धमा छलफल भए सँगसँगै यस सम्बन्ध विस्तारबाट मूलत: धुलिखेलका विद्यार्थीहरुलाई बैदेशिक उच्च शिक्षा अध्ययनमा रुची भएका विद्यार्थीहरुका लागि आयामिक हुनेमा अपेक्षा लिइएको छ ।

१५६. **Australian Volunteer Program** सँग समन्वय गरी नगरपालिकाको शहरी विकास तथा कृषि आधुनिकीकरणलाई थप प्रवल बनाउने उदेश्यका साथ सो क्षेत्रका विषय विज्ञ Autralian Volunteer ल्याई कामकाज गराईएको । Australian Volunteer Program अन्तर्गत पहिलो चरणको कार्यक्रम(First Phase) सफलता पूर्वक सम्पन्न भएको सन्दर्भमा पुन: दोस्रो चरण (Second Phase) कार्यक्रमका लागि आबश्यक प्रकृया सकिएको छ । तसर्थ यस चरणमा शहरी विकास विज्ञलाई यथावत राख्दै Agro-Tourism विज्ञलाई उच्च प्राथमिकतामा राखी सोही अनुसारका विषय विज्ञ ल्याउन प्रकृया अघि सारिएको छ । Agro-Tourism विज्ञबाट धुलिखेलको कृषि आधुनिकीकरण सँगसँगै पर्यटन प्रवर्द्धन र विकासमा उल्लेखनीय सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**अन्त्यमा**

बार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्न जति सहज हुन्छ यसयको कार्यान्वयन पक्ष महत्वपूर्ण हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अत: यस अवसरमा धुलिखेल नगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट यसको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक अनुरोध गर्न चाहन्छु ।

आज प्रस्तुत वजेट नगर सभाले स्वीकृत गर्नासाथ अविलम्ब यस धुलिखेल नगरपालिकाको वेब पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दछु । अत : प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तहाको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

यस बजेटको सफल कार्यान्वयनबाट धुलिखेल नगरपालिकाको समावेशी र सन्तुलित विकासमा सघाउ पुग्ने, आर्थिक बृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिइएको छु । प्रस्तुत वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु । वजेट नीति तथा कार्यक्रमहरुका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषय क्षेत्रगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारीहरु, नगरसभाका सदस्यज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो ।

नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउँ पुऱ्याउनु हुने राजनीतिक दलहरु, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी ब्यवसायी, बृद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता सो को सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरु, नागरिक समाज, सरकारी एवम् गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एवम् आम नगरवासीको संयुक्त प्रयास आवश्यक हुन्छ । विगतमा झैं नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एवम् विश्वास लिएको छु । आगामी आर्थिक बर्षको लागि हामीले क्षेत्रगत रुपमा निर्धारण गरेका नीतिहरुको यसै वजेट वक्तव्यको अनुसूचि १ मा समावेश गरिएको ब्यहोरा जानकारी गराउँछु ।

धन्यवाद ।

अशोक कुमार ब्यान्जु श्रेष्ठ

नगर प्रमुख
धुलिखेल नगरपालिका, धुलिखेल काभ्रे
मिति : २०७७ आषाढ १० गते

# अनुसुचि : १

**आ.व. ०७७/०७८ को क्षेत्रगत नीति तथा रणनीतिहरु :**

आगामी आर्थिक बर्षको लागि लिईएका प्रमुख क्षेत्रगत नीति तथा कार्य देहाय बमोजिम हुनेछः

**क. आर्थिक विकाससँग केन्द्रित नीति तथा कार्यक्रमहरु**

१. धुलिखेललाई पर्यटकीय गन्तब्यको रुपमा स्वदेशी तथा विदेशी पर्यटकहरुको आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ । धुलिखेलमापर्यटन विकासको थप मार्ग चित्र कोर्न तयार भएको गुरु योजना अनुसारको कार्यक्रमहरु संचालन गर्नका लागि नगरपालिका तथा नीजि क्षेत्रवाट संयुक्त रुपमा अगडि बढ्ने नीति लिईने छ

२. नगर क्षेत्रको भौगोलिक अवस्था र हावापानी अनुकुलको कृषि उत्पादन र पशुपालनको प्रवर्द्धन गर्न एक वडा/भेग एक उत्पादन क्षेत्र जस्ता पकेट क्षेत्रको पहिचान गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ । सुन्तला, कागती, किवी, चिया खेतीको पकेट क्षेत्र घोषणा गरी कृषक प्रोत्साहनका लागि अनुदानको समेत व्यवस्था गरिनेछ ।

३. ब्यवसायीक, सहकारी र सामुहिक खेतिलाई प्रोत्साहन गर्न कृषिफर्म, कृषक समुह तथा सहकारीहरुलाई कृषि सामग्री, विउविजन, विषादी खरिद तथा आपुर्तिमा आवश्यक समन्वय, अनुदान, प्रोत्साहन र सहयोग उपलब्ध गराईने छ ।

४. कृषिउपज तथा फलफूलको भण्डारणको लागि आगामी आ.व. भित्रै प्रदेश सरकारसँगको लागत साझेदारीमा चिस्यानकेन्द्, कृषि उपज संकलन तथा विक्रिकेन्द्र, पशु वधशाला एवं काञ्जि हाउसको निर्माण गरिनेछ ।

५. धुलिखेलको ठूलो वनक्षेत्रलाई कृत्रिम ताल, बोटानिकल पार्क सहितको मनोरञ्जन पार्क निर्माण गरी पर्यटन आकर्षण केन्द्रको रुपमा विकसित गर्न सम्भाव्यता अध्ययन गरिने छ । यसको लागि अन्तराष्ट्रिय सहयोगको आह्वान गरिनेछ । सार्वजनिक निजी साझेदारीमा कोही लगानीकर्ता लगानी गर्न इच्छुक भएकोमा आवश्यक सहजीकरण गरिनेछ ।

६. ब्यवसायिक पशुपालन र विकासका लागि पशु विमा, कृत्रिम गर्भाधान, पशु नश्ल सुधार,गोठ सुधार, रोग तथा महामारी नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७. कृषि तथा पशुपालन ब्यवसायमा वैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई समेत आकर्षित गर्ने

८. कृषिको दिगो विकासका लागि कृषि प्रधान वडाहरुमा एक वडा एक कृषि प्राविधिकहरुको ब्यवस्थापन गरिने छ ।

९. ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।

१०. स्थानीय कच्चा पदार्थको प्रयोग हुने गरि लघुउद्यम विकास कार्यकमको संचालन गरिनेछ ।

११. अतिगरिव तथा गरिवहरुको जीवनस्तर सुधारका लागि विना धितो तथा विना ब्याज चक्रिय प्रणाली अनुरुप ऋणपूजि परिचालन गरि साना तथा लघु उद्यम संचालनमा जोड दिईने छ ।

१२. नगर क्षेत्रमा गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकीकरणका लागि कृषकमैत्री औजार,उन्नत प्रविधिको हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

१३. ब्यवस्थित बगैंचा र गुणस्तर सुधारमा सहयोग गर्दै शंखु तथा शारदा बतासे क्षेत्रलाई सुन्तला पकेट क्षेत्र, रबिओपी, पात्लेखेत, काभ्रे क्षेत्रलाई दुध तथा तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्ने कार्यकमलाई आगामी आ.व.मा समेत नियमितता दिईएको छ । कृषिजन्य उत्पादनहरुको सुरक्षित भण्डारणका लागि चिस्यान केन्द्र निर्माणमा निजी क्षेत्र र सहकारीहरुलाई प्रेरित गरिनेछ

१४. कृषिमा आधारित उद्योगहरू तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ ।

१५. मल, बीउ, सिंचाई, प्रबिधि र कृषि उपजको बजारको लागि वजार पहूँच विस्तार गरिनेछ । कृषि प्राविधिकको सेवालाई  कृषकको सर्बसुलभ पहुँचका लागि वडास्तरमै पुर्‍याइनेछ ।

१६. नगरक्षेत्रभित्र उत्पादन हुने तरकारीहरुको सामुहिक बिक्री बितरणको लागि संकलन केन्द्रहरु, सामुहिक उद्यम तथा उत्पादन कार्य गर्न आवश्यक स्थानहरुमा साझा सुविधा केन्द्र, लघु साना तथा घरेलु उद्योगहरुवाट उत्पादित सामान विक्री वितरणको लागि बिक्री कक्ष तथा स्थापित कोसेली घरको सुदृढिकरण गरिनेछ ।

१७. कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष नगर स्तरमा मेयर उत्कृष्ट कृषक पुरस्कारबाट कृषकलाई सम्मान गर्ने नीतिलाई  नियमितता दिईने छ  । उक्त पुरस्कार नगरपालिका स्थापना दिवसका दिन वितरण गरिने छ ।

१८. प्रत्येक वडामा एकजना पशुसेवा तथा कृषि सेवाका प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषकको पहुँच विस्तार गरिनेछ ।

१९. ब्यवसायिक पशुपालन र विकासका लागि पशु विमा, कृत्रिम गर्भाधान, पशु नश्ल सुधार,गोठ सुधार, रोग तथा महामारी नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२०. कृषि तथा पशुपालन ब्यवसायमा वैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई समेत आकर्षित गर्ने कार्यक्रमहरु कार्यान्वयनमा ल्याईने छ ।

**<u>खं) राजश्व परिचालन सम्बन्धी नीतिहरु</u>**

१. विद्युतिय सूचना प्रणालीको आधारमा राजश्व संकलन गर्ने कार्यलई संचालन गरिने छ । जनतालाई कर तिर्न नगर पालिकाको कार्यालयमै आउँनु पर्ने समस्यको पूर्णरुपमा हल गरिने छ ।

२. राजश्वका दरहरुलाई उपयुक्त विन्दुमा राखी दायरा विस्तारमा जोड दिइनेछ ।

३. नगर भित्र रहेका सरकारी, सार्वजनिक र नगरको स्वामित्वमा रहेका जमिन भाडामा लगाउने नीति लिईनेछ ।

४. नगरपालिकाको लगानीमा निर्माण भएका पूर्वाधार तथा सडकहरुमा सेवा शुल्क लगाई आय संकलन गरिनेछ ।

५. नगर क्षेत्र भित्रका निर्माण व्यवसायी, उद्योगी तथा ब्यापार ब्यवसायी, परामर्शदाता लगायतका संस्थाहरुलाई अनिवार्य दर्ता/नविकरण गराइ ब्यवसायको आकार, प्रकृति, उद्देश्य र कारोवारका आधारमा करको दर निर्धारण गरिनेछ ।

६. नगर भित्र रहेका बैंक तथा वित्तीय संस्थाहरु, सहकारीहरु, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुलाई कारोवारको आधारमा शुल्क निर्धारण गरी दर्ता/नविकरण/सिफारिस गर्ने र नगर बाहिर दर्ता भएका तर नगर क्षेत्रभित्र काम गर्ने राष्ट्रिय/अन्तराष्ट्रिय गैसस, सहकारी, निर्माण व्यवसायी, सप्लायर्सहरुलाई अनिवार्य सुचिकृत गराई करको दायरामा ल्याईनेछ ।

७. नगर भित्र व्यवसाय संचालन गरिरहेका तर नगरपालिकामा दर्ता/नविकरण नगरेका व्यवसायीलाई दर्ता/नविकरण गर्न ताकेता गरिनेछ । नगरकेन्द्र भन्दा वाहिर रहेका वजार क्षेत्रमा सञ्चालित व्यवसायलाई करको दायरामा ल्याउन दर्ता/नविकरण शिविर सञ्चालन गरिनेछ ।

८. राजश्व संकलनलाई समतामुलक, प्रगतिशील र न्यायपूर्ण बनाईने छ । सबै सरोकारवाला एवम् करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानी बृद्धि गरिदै लगिनेछ ।  घर वहाल कर, सवारी कर, ब्यवसाय कर संकलनका क्षेत्रमा थप मेहनत गरी प्रभावकारी

९. नगरपालिकाको लागि भरपर्दो कर प्रणाली सम्पत्ति कर नै हो भन्ने मान्यतालाई स्वीकार गर्दै एकिकृत सम्पत्ति करको लागि गरिने जग्गाको मूल्याङ्कन, आगामी केही बर्ष पश्चात जग्गाको न्युनतम मूल्याकंन संग तादम्यता कायम गर्ने नीति लिईने छ। यसलाई स्थानीय स्रोतको मेरुदण्डको रुपमा विकास गरिने छ। साथै घर संरचनाको मूल्यांकनलाई स्थानीय स्वायत्त साशन नियमावलीको सातौं संशोधनले तोके बमोजिम परिमार्जन गरिनेछ । यसबाटसम्पत्ति करमा केही बृद्धी हुन जानेछ ।

१०. न.पा.द्धारा बहालमा लगाईएका सम्पत्तीहरुको बहाल बन्दोबस्त गर्दा तथा आय संकलन कार्य अन्य संस्था मार्फत गराउँदा प्रतिस्पर्धात्मक बिधि अपनाई प्रचलित बजारदरको आधार कायम गरी बहाल बन्दोबस्त गर्दै लगिनेछ ।

११. हरित भवनको मापदण्ड पूरा भएका भवनको नक्शा पास गर्दा तथा ५ बर्ष सम्मसम्पत्ति कर निर्धारण गर्दा लाग्ने करमा १० प्रतिशत तथा अण्डर ग्राउण्ड पार्किङ्ग बनाउने भवनमा नक्शापास दस्तुरमा १०% (दश प्रतिशत) छुटको नीतिलाई निरन्तरता दिईनेछ ।

## ख. सामाजिक विकास क्षेत्रका नीतिहरु

१. हालको कोरोनाको महामारी तथा विषम परिस्थितिमा शिक्षण सिकाईका वैकल्पिक मार्ग रेडयो पाठशाला, भर्चुअल माध्यम र अनलाइन कक्षा सञ्चालन गर्नुका साथै Work sheet को माध्यमबाट घरमा अभ्यास गराउँन विद्यार्थि शिक्षक साप्ताहिक भेटघाट कार्यक्रम संचालन गरिने छ ।

२. साक्षर तथा नव साक्षरलाई निरन्तर शिक्षा काक्षाको सञ्चालन गर्दे सिकाई केन्द्र मार्फत नियमित पढाई सिप विकास गरिने छ ।

३. बहु प्रतिभा पहिचान र विकास गरी विद्यार्थिको चौतर्फी विकासका लागि खेलकुद, सङ्गीत, कला, योगा, हस्त लेखन, चित्रकाला साहित्य आदिका विद्यागत कक्षा सञ्चालनका लागि यत्रि शिक्षकको व्यवस्था गरिने छ ।

४. मेयरसंग विद्यर्थी कार्यक्रमलाई थप प्रभावकारी बनाइ निरन्तर सञ्चालन गरिने छ ।

५. शिक्षक तालिमलाई खोज, अनुसन्धान तथा आवश्यकतामा आधारित बनाई नविनतम प्रविधी मैत्री बनाइने छ ।

६. राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहबाट निर्माण हुने गरी छुट्याइएको पाठ्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं सान्दर्भिक बनाइनेछ ।

७. राष्ट्रिय रुपमा तयार नमूना पाठ्यक्रमलाई मुख्य सन्दर्भ सामाग्रीका रुपमा लिई संघीय प्रादेशिक तथा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका बिषयवस्तुलाई खुला सन्दर्भ सामाग्रीहरुको खोजी गर्दै पठन पाठन गर्ने नीति अवलम्बन गरिने छ ।

८. निरन्तर विद्याथी मूल्यांङकनको प्रयोगलाई सुदृढीकरण गरी नगरस्तरीय परीक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइने छ । मूल्यांङकनको पद्दतिलाई शिक्षण सिकाई सुधारका लागि प्रयोग गरिने छ ।

९. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्राक्रियामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ ।

१०. विद्यालयहरुमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिने छ ।

११. धुलिखेल नगरपालिकालाई आकर्षक शैक्षिक हवका रुपमा विकास गर्दे लगिने छ ।

१२. नेपालको कूल जनसंख्यामा ४० प्रतिशत युवा (१६ देखि ४० वर्ष) रहेको अवस्थालाई दृष्टिगत गर्दै यस नगरपालिका क्षेत्रमा भएका युवाहरुको तथ्याङ्क संकलन गरी नगर क्षेत्रको आर्थिक समृद्धिमा युवाको योगदान अभिबृद्धि गर्ने नीति लिइनेछ । युवाको क्षमता विकास, युवा बहु प्रतिभाको

पहिचान, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोंचको विकास गर्दै स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वाबलम्वी र चरित्रवान बनाइनेछ ।

१३. राष्ट्रिय रुपमा तयार नमूना पाठ्यक्रमलाई मुख्य सन्दर्भ सामाग्रीका रुपमा लिई संघीय प्रादेशिक तथा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका बिषयवस्तुलाई खुला सन्दर्भ सामाग्रीहरुको खोजी गर्दै पठन पाठन गर्ने नीति अवलम्बन गरिने छ ।

१४. निरन्तर विद्याथी मूल्यांङकनको प्रयोगलाई सुदृढीकरण गरी नगरस्तरीय परीक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइने छ । मूल्यांङकनको  पद्दतिलाई शिक्षण सिकाई सुधारका लागि प्रयोग गरिने छ ।

१५. शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१६. विद्यालय हाताभित्र सिकाईलाई नकारात्मक असर पर्ने गरी दलगत सभा सम्मेलन, बैठक, कार्यशाला, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्न पूर्णतया रोक लगाइने छ ।

१७. नगरस्तरमा सञ्चालित तथा सञ्चालन हुन चाहने संस्थागत विद्यालयहरुले नगरपालिकाको सिफारिसमा लक्षित समुदायका बालबालिकाहरुलाई ऐन, नियमावली तथा कार्यविधिले तोकेको कोटामा निःशुल्क अध्ययन गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१८. कक्षा ७, ८, ९ र १० का कमजोर विद्याथीलाई लक्षित गरि उनिहरुको सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालय रटोल टोलमा नमुनाको रुपमा ट्युसन, कोचिङ्ग तथा शैक्षिक परामर्श केन्द्र सञ्चालनलाई नियमितता दिईनेछ ।

१९. बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले बालमैत्री स्थानीय शासनका लागि तोकेको ३९ वटा सूचकहरुलाई न्यूनतम सूचक मानि सो सूचकहरु पूरा गर्नका लागि आवश्यक पहल गरिने छ ।

२०. नगरपालिकावाट तयार गरिएको वालसंरक्षण नीतिलाई पुर्ण रुपमा लागु गरि सो को अनुगमन समेत गरिने छ ।

२१. नगर क्षेत्र भित्र संचालन हुने कार्य तथा कृयाकलापहरुमा बालश्रमिकको प्रयोग र परिचालनलाई निषेध गरिने नीति लाई निरन्तरता दिईने छ ।

२२. नगरलाई बाल विबाह तथा महिला हिसामुक्त नगर बनाउनको लागि आवश्यक पहल कदमीको शुरुवात गरिनेछ ।

२३. महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा युवाहरुको सशक्तीकरण र अयआर्जन कार्यक्रमहरुलाई परिषदसंगको सहकार्यमा संचालन गरिनेछ ।

२४. नगर स्वास्थ्य केन्द्रको व्यवस्थापन, स्वास्थ्य चौकीहरुको संचालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकासमा सहयोग पुर्‍याउने कार्यलाई  यस वर्ष पनि निरन्तरता दिईने छ ।

२५. नगरक्षेत्र भित्रका सवै वाल विकास केन्द्रहरु तथा निजी मन्टेश्वरीहरुको वडा मार्फत सुचिकृत र अनुगमन गर्ने पद्धति लागू गरिनेछ । हरेक सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ र ती केन्द्रहरुलाई वालमैत्री नगर स्थापनाको सूचक वमोजिम कृयाकलाप संचालन गर्न उत्प्रेरित गरिनेछ ।

२६. नगर भित्र संचालन भएका बालगृह मापदण्ड अनुरुप चलेनचलेको अनुगमन गरिने छ । मापदण्ड विपरित संचालन गरिएका बालगृहहरु कानून बमोजिम बन्द गरिने छ ।

२७. स्वास्थ्य सूचनालाई प्रभावकारी बनाउँन हाम्रो स्वास्थ्य हाम्रै सरोकार रेडियो कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२८. विद्यालय तथा कलेजस्तरमा प्रजनन स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२९. विद्यालय भर्ना दर बृद्धि गर्ने तथा छोड्ने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । साथै सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बंचित बालबालिकाहरु लगायत अन्यका लागि अनौपचारिक शिक्षा कक्षा संचालन गरिनेछ ।

३०. नगर क्षेत्रका युवा वर्गमा लागू पदार्थ दुर्व्यसन प्रति सजगता तथा HIV/AIDS रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक बिशेष कार्यक्रमहरु संचलान गरिने छ । लैङ्गिक अल्पसंख्यकहरुलाई आत्मसम्मानपूर्वक जीवन यापन गर्न सन्देशमुलक कार्यक्रमहरु संचालन गरिनेछ

३१. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सरल पहुँचका लागि नगरपालिकाले उच्च प्राथमिकता राखी कार्य गरेको छ । नेपाल सरकारले लागू गरेको स्वास्थ्य बीमा कार्यक्रम सबै वडाका प्रत्येक घर परिवारमा नगरपालिकाको सहयोग र समन्वयमा विस्तार गरिनेछ । जेष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा बीमा कार्यक्रमलाई जेष्ठ नागरिकको घरदैलोसम्म विस्तार गरिनेछ । यस चालु आ.व. मा शुरुवात गरिएको जेष्ठ नागरिकहरुको कोरोना विमालाई नियमिता दिईनेछ ।

३२. नगरपालिका अन्तरगत रहेका स्वास्थ्य सेवा केन्द्रहरुको थप गरी सबै वडामा विस्तार गरिनेछ । नगर स्वास्थ्य केन्द्र र क्लिनिकमा विशेषज्ञता सेवा सहित आधुनिक प्रयोगशाला सेवा विस्तार गरिनेछ । नागरिकका लागि आवश्यक औषधि नगर स्वास्थ्य संस्थामार्फत वर्षभरि नै निःशुल्क वितरणको प्रबन्ध मिलाइनेछ ।

३३. स्वास्थ्य क्षेत्रको जनशक्तिको अभावमा स्वास्थ्य सेवा अवरुद्ध हुन दिईने छैन । धुलिखेल अस्पताल लगायत संगको सहकार्यमा घुम्ती सिविरहरु संचालन गरीने छन् । नगरपालिका स्वास्थ्य सेवा केन्द्रहरुको स्तरवृद्धि गरिने छ । स्वास्थ्यकर्मी हरुको सेवाको निरन्तरताको अनुगमन गरिने छ । हेलचेकाई तथा लापरवाहीलाई दण्डनीय बनाईने छ ।

३४. धुलिखेल नगरपालिका भित्रका गर्भवती महिलाहरुवाट धुलिखेल अस्पताल र Birthing Centre मा बच्चा जन्माएमा सेफ्टी सामाग्री र नवजात शिशुलाई न्यानो कपडा उपलब्ध गराउने नीतिलाई आगामि आ.व.मा पनि नियमितता दिईने छ ।

३५. समग्र स्वास्थ्य क्षेत्रको एकीकृत सूचनाको व्यवस्थापनको लागि धुलिखेल अस्पतालको साझेदारीमा स्थापना गरिएको स्वास्थ्य सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरिने छ ।

३६. मानसिक रोग तथा मनोसामाजिक परामर्श कार्यक्रम विभिन्न गैर सरकारी संस्थाहरु संगको सहकार्यमा संचालन गरिएकोमा सो को निरन्तरता दिईनेछ ।

३७. स्वास्थ्यको लागि ब्यायामा जोड दिदै पार्कहरुमा खुल्ला ब्यायाम साला फिटनेश पार्क निमार्ण कार्यलाई निरन्तरता दिईने छ ।

३८. मेयर गरिवी निवारण कोष मार्फत दलित, महिला, अपाङ्गता भएका ब्यक्ति, आदिवासी जनजाति र द्वन्द पिडीत, घरवार विहिन, तथा अति गरिव लगायत आर्थिक सामाजिक रुपमा पछाडि परेका परिवारका सदस्यहरुलाई स्वोजगारमुलक कार्यक्रम संचालन गरिनेछ ।

३९. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्दै विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, सरसफाई आदिको प्रबन्ध विद्यार्थी संख्याको अनुपातमा गरिनेछ । शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइनेछ । विद्यालयलाई शान्तिक्षेत्र बनाइनेछ ।

४०. स्वस्थ शहरको अवधारणालाई अगाडि बढाउँदै स्वास्थ्य चौकीहरुमा २४सै घण्टा Birthing Center सञ्चालन तथा सेवा सुनिश्चित भएको प्रयोगशाला, पर्याप्त औषधीको व्यवस्था गरी आधारभूत र प्राथमिक स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गरिनेछ । आर्युवेदिक, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका प्रचलित स्वास्थ्य उपचार सेवाको प्रवर्द्धन गरिने छ ।

४१. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरूसहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।

४२. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।

४३. धुलिखेल अस्पतालसंग समन्वय तथा सम्झौता गरी आमा सुरक्षा कार्यक्रम मार्फत सुरक्षित मातृत्वको यातायात खर्च तथा सेवा खर्च उपलब्ध गराई आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४४. लक्षित बर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याउन सहजीकरणका लागि नगरपालिकामा गठन भएका महिला परिषद, युवा परिषद, दलित परिषद, आदिवासी जनजाति परिषद, अपाङ्गतावर्ग परिषदको प्रभावकारी परिचालन गरिनेछ । परिषदको कार्यविधि स्वीकृत गरी लागु गरिनेछ । लक्षित वर्गको वजेट कार्यान्वयन र त्यसको अनुगमनमा यस्ता परिषद्संग सहकार्यलाई निरन्तरता दिईने छ । गरी संचालन गरिनेछ ।

४५. युवाहरूलाई रूपान्तरणका संवाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरिने छ । उद्यमशिलताको प्रवर्धन, तुलनात्मक लाभका क्षेत्रहरुको खोजी र पहिचान तथा व्यवसाय थालनी परामर्श केन्द्र लगायतका कार्य गरिने छ ।

४६. कलाकार, खेलाडी, स्रष्टा, संस्कृतिकर्मी, मिडियाकर्मी र सबै क्षेत्रका अगुवा र समाजसेवीहरुलाई सम्मानका साथ सामाजिक अभियानमा उत्प्रेरित गरिनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा धुलिखेललाई चिनाउनेस्रष्टाहरुलाई उचित सम्मान गर्ने नीति लिईनेछ ।

४७. जेष्ठ नागरिक, एकल र विधवा महिला, अशक्त अपाङ्ग र बालवालिकालाई नेपाल सरकारवाट प्रदान गरिदै आएको सुरक्षा भत्ता समयमै सुलभ तरिकावाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकहरुको ज्ञान अनुभवलाई उपयोग गरिने कार्यक्रमहरु संचालन गरिनेछ ।

४८. सुरक्षित शहर (Safte City) हाम्रो प्रतिबद्धता हो ।चेलीबेटी बेचबिखन, बोक्सीको आरोप, घरेलु हिंसा, यातना, संगठित अपराध, वालविवाह, चोरी, डकैती, छुवाछुत, लैंगिक हिंसा, यौनजन्य हिंसा, जबरजस्ती श्रम गराउने, बधुवा मजदुर, वालश्रम, अमानवीय दुर्व्यवहार अन्त गर्न कानून बनाई कार्यान्वयन गरिनेछ । आपतकालीन अवस्थाको लागि आवश्यक सुरक्षा प्रणालीको व्यवस्था गरिनेछ । संविधानको भावना बमोजिम कानून बनाई नगर प्रहरी सेवाको स्थापना गरिनेछ ।

## ग. पूर्वाधार विकास क्षेत्रका नीति तथा कार्यक्रमहरु

१. पूर्वाधार निर्माण गर्दा सार्वजनिक, निजी, सामूहिक लागत साझेदारी तथा बाह्य स्रोत परिचालनमा प्राथमिकता दिईनेछ ।

२. बस्तीस्तरबाट माग भएका, रोजगारी सिर्जना हुन सक्ने, वातावरणमा कम असर पर्ने, स्थानीय सहभागिता जुट्न सक्ने, कम लागतमा बढी जनसंख्या लाभान्भित हुने तथा क्रमागत योजनाहरुको कार्यान्वयनमा प्राथमिकता दिईनेछ ।

३. पूर्वाधारका योजना तर्जुमा गर्दा प्रचलित ऐन, नियम, कार्यविधि र नगरपालिकाका निर्णयलाई पूर्णतः पालना गरिनेछ ।

४. नगर केन्द्र देखि वडा केन्द्र जोड्ने र प्रमुख बजार केन्द्र तथा कृषि उत्पादन केन्द्र जोड्नेसडकहरुलाइ प्राथमिकताको आधारमा बजेट बिनियोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । यी पूर्वाधार निर्माणमा संघ र प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ ।

५. विकास निर्माणको गुणस्तर मापनका लागि सरोकारवाला निकायसँग समन्वय गरि ल्याव स्थापना गरिनेछ ।

६. एकिकृत वस्ती विकासलाई प्रोत्साहन गर्न समुदायले १५ घरसम्म एकै स्थानमा वनाउने योजना ल्याएमा सडक, विद्युतको व्यवस्था नगरपालिकाबाट नै गरिनुका साथै नक्शा पास दस्तुरमा ५० प्रतिशत सम्म छुट दिने नीतिलाई निरन्तरता दिईनेछ ।

७. सडकमा परेका जग्गाको लगतकट्टा गर्ने कार्यको शुभारम्भ गरिनेछ ।

८. उर्जा संकट न्यूनिकरण गर्न साझेदार संस्थाहरुको सहयोग समेत जुटाई साना जलविधुत, सौर्य उर्जा, वायुउर्जा लगायत वैकल्पिक उर्जाका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ । यसका लागि बैंक तथा वित्तिय क्षेत्रको लगानी आकर्षित गर्ने नीति लिइने छ ।

९. सडकको दायाँबायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सञ्चालन व्यवस्थापन चरणहरुमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापन पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

११. धुलिखेल नगर क्षेत्र भित्रका पक्की सडकहरुको मर्मत सम्भारको लागि सडक बोर्ड नेपालबाट रकम बिनियोजन हुने गरी सडक मर्मत सम्भार कार्यलाई अगाडि बढाईनेछ। यस कार्यका लागि प्राविधिक सहयोग डिएफआईडीले उपलब्ध गराउँनेछ। डक रणनीतिक योजनानुसार रणनीतिक सडकहरूको सुदृढीकरण एवम् स्तरोन्नति कार्यलाई नगर यातायात गुरु योजना अनुसार प्राथमिकता दिइनेछ ।

१२. नगर क्षेत्र भित्र पर्याप्त खानेपानीको व्यवस्थाको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी खानेपानीका आयोजनाहरुलाई प्रथमिकताका साथ अगाढी बढाईनेछ ।

१३. नगर क्षेत्रभित्र रहेका मुख्य सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि सडक निर्माणको कार्यलाई तिब्रताका सथा अघि बढाईनेछ ।

१४. नगरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी (Public Private Partnership-PPP) को अवधारणा अवलम्बन गरिनेछ ।

१५. साविक धुलिखेल नगरपालिका भित्रका सडकहरुमा लगत कट्टाको लागि पहल गरिनेछ साथै गत तथा चालू आ.ब. मा सञ्चालनमा रहेका योजनाहरुलाई प्राथमिकतामै राखी क्रमागत रुपमा सम्पन्न गरिनेछ ।

१६. ४ फिट भन्दा अग्ला, भुकम्पीय दृष्टिले जोखिम युक्त पर्खालहरु एवम् कच्चा किसिमले निर्माण भएका पर्खाललाई भत्काउन लगाईनेछ । एक घर दुई रुखको नीति लिइने छ । यसले हरियालीयुक्त धुलिखेल कायम राख्न मद्दत पुग्नेछ ।

१७. बजार, पसल, रेष्टुरा, कार्यालय वा यस्तै प्रकारका साईनवोर्ड, प्रचार सामाग्री तथा होर्डिङ्ग वोर्डले घरमा उज्यालो तथा हावाको प्रवाह नै रोक्ने गरेको देखिएकोले यस्तो प्रचार तथा संकेत सामाग्री राख्नको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीति लिइने छ ।

१८. तिव्र सहरीकरणलाई व्यवस्थापन गर्न, पूर्वाधार संरचनाहरु सोही वमोजिम निर्माण गर्न एवम् धुलिखेलको आर्थिक विकासमा टेवा दिन धुलिखेल नगरक्षेत्र भित्र चक्रपथ रेखांकन सम्पन्न गरिनेछ ।

१९. जुनसुकै शिर्षकबाट बजेट विनियोजन गरिएको भएतापनि जुन आर्थिक बर्षको लागि बजेट विनियोजन गरिएको हो, सोही आर्थिक बर्षमा आयोजना सम्पन्न गरिसक्नु पर्ने नीति लिइनेछ । आ.ब. को चैत्र मसान्त सम्म सम्झौता गरी कार्यान्वयन अघि नवढेका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरु न.पा. बाट अन्य आयोजनाहरुमा रकमान्तर गरि आयोजनाहरु संचालन गरिनेछ ।

२०. न.पा.को भौतिक एवम् सामाजिक सेवालाई अपागं मैत्री बनाउदै लगिने छ । अपांग मैत्री र्‍याम्प निर्माणमा केन्द्रित हुँदै पार्किङ, फुटपाथ, जेब्रा क्रशिङ आदिमा नमूना अपांग मैत्री संरचना निर्माण गर्ने नीतिलाई अगाडि बढाईनेछ । त्यस्तै सङ्केत युक्त टायल लगाई फुटपाथ बनाउने नीति लिइने छ ।

२१. नगरपालिकाका सबै वडा केन्द्रहरु सम्म क्रमशः कालोपत्रे सडक निर्माण गरिनेछ । नगरस्तरीय सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्ने गरी स्तरोन्नति गरिनेछ ।

२२. नगरक्षेत्र भित्र पर्ने बिपी राजमार्ग तथा अरनिको राजमार्गको दायाँ बायाँ फुटपाथ निर्माण गरिनेछ । यसैगरी देवीटार क्षेत्र तथा शंखु क्षेत्र जोड्ने बाटोहरुको स्तरोन्नतिलाई निरन्तरता दिईनेछ ।

२३. सम्पूर्ण नागरिकहरुलाई स्वच्छ पिउने पानीको पहुँच हुनेछ । काभ्रे उपत्यका खानेपानी योजनालाई निर्धारित समयमै सम्पन्न गरिनेछ । पाल्लेखेल, काभ्रे, देबीटार, रबिओपी, शंखु, शारदा बतासे

२४. लगायतका क्षेत्रमा सम्भाव्य स्रोतहरु पहिचान तथा नविनतम प्रविधिको प्रयोग गरी दिगो खानेपानी आपूर्तिको व्यवस्थापन गरिनेछ ।

२५. नगरपालिका क्षेत्रभित्र एउटा पहाडी नमूना बस्तीको विकास गरिनेछ । धुलिखेल क्षेत्रलाई सुरक्षित, ब्यवस्थित, सुविधा सम्पन्न र आकर्षक आवास केन्द्रको रुपमा विकास गरिने छ । टाउन प्लानिङ्गको आगामि आ.व.मा सम्पन्न गरिनेछ ।

२६. नगरपालिकामा एउटा नगर सभागृह तथा बहुद्देश्यीय कभर्ड हल निर्माणको थालनी गरिनेछ । प्रत्येक वडामा खुला क्षेत्रको रुपमा पनि प्रयोग गर्न सकिने गरी वहुउपयोगी खेलमैदान निर्माण गरिनेछ

२७. सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ट्र्याक ओपन भइसकेका सडकको स्तरोन्नती गर्न र बनिसकेका सडक, पुल पुलेसा संरक्षण, मर्मत र सम्भार गर्न प्राथमिकता दिइनेछ ।

२८. सडक लगायतका मुख्य पूर्वाधारहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) को कार्य नगरपालिकाको कार्यालयवाटै गरिनेछ ।

२९. भौतिक पूर्वाधारहरु निर्माण गर्दा प्राविधिक specification लाई अनिवार्य गरिनेछ ।

**घ. संस्कृति प्रवर्द्धन सम्वन्धी नीतिहरु :**

१. नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको संरक्षण कार्यमा जोड दिइनेछ ।

२. परम्परागत संस्कृति तथा सम्पदाको संरक्षणको लागि आवश्यक कानुन बनाईनेछ ।

३. नेवारी, तामाङ्ग र मगरहरुको संस्कृति संरक्षणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरीनेछ ।

४. साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङक संकलन गरी आर्थिक विकासमा टेवा पुऱ्याउने सक्ने सम्पूर्ण सम्पदा तथा संस्कृति झल्काउने स्थान र समुदायको संरक्षण र व्यवस्थापनमा जोड दिइनेछ ।

५. स्थानीय संस्कृति तथा सम्पदालाई असर गर्न सवैखाले गतिविधि रोकथाम नियन्त्रण र नियमन गरिनेछ

**घ. बन बातावरण, फोहरमैला व्यवस्थापन तथा प्रकोप व्यवस्थापन क्षेत्रका नीतिहरु**

१. धुलिखेल नगरबासीमा पूर्ण सरसफाईको उपलव्धता र पहुंच सुनिश्चित गर्दै स्वच्छ वातावरण तथा गुणस्तर जीवनको प्रत्याभुतिका लागि सफा, सुरक्षित तथा दिगो रुपमा दिसाजन्य लेदो व्यवस्थापनको सेवा तथा सुविधामा पहुंच बढाई जनस्वास्थ्य तथा सरसफाईमा टेवा पुर्‍याउन दिगो विकासको लक्ष्य लिई धुलिखेल नगरपालिकामा स्थानीय दिसाजन्य लेदो व्यवस्थापन नीति, २०७७ तर्जूमा गरी लागु गर्ने नीति लिईनेछ ।

२. नगरक्षेत्रको फोहोरमैलाको दिगो व्यवस्थापनका लागि ब्यवस्थित ल्याण्डफिल साइटको नगरको आन्तरीक स्रोतले यी स्केलको आयोजना संरचना गर्न संभव नभएकोले दातृ निकाय बम्घको सहयोगमा बैकल्पिक उर्जासंग मिलि बायोग्यास कार्यक्रम संचालन गरि ग्यास उत्पादन गरि घरधुरीहरुमा वितरण गरिने कार्यक्रम संचालन गरिनेछ ।

३. धुलिखेल मनोरञ्जनपार्क क्षेत्र भित्र डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोकको समन्वयमा बन्य जन्तु संरक्षण तथा पुनः र्स्थापना कार्यक्रम संचालन गरिने छ ।

४. धुलिखेल नगरबासीमा पूर्ण सरसफाईको उपलव्धता र पहुंच सुनिश्चित गर्दै स्वच्छ वातावरण तथा गुणस्तर जीवनको प्रत्याभुतिका लागि सफा, सुरक्षित तथा दिगो रुपमा दिसाजन्य लेदो व्यवस्थापन गर्न नेपाल नगरपालिका संघको समन्वयमा धुलिखेल नगरपालिका वडा नं. ५ स्थित श्रीखण्डपुर ढल प्रशोधन केन्द्रलाई बिस्तार गरिने छ ।

५. वन संरक्षणका लागि वृक्षारोपण गर्ने कार्यलाई अघि बढाईने छ । यसका लागि नगरस्तर र वडाहरुमा वन डिभिजन कार्यालय संग मिलेर नर्सरीको स्थापना गरिने छ ।

६. वन उपभोक्ता समितिहरुको वन कार्ययोजनाको आद्यावधिक गरिने छ ।

७. वन तथा वातावरणको दिगोपनाका लागि सरकारी तथा गैर सरकारी क्षेत्रहरु संगको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

८. गौखुरेश्वर सामुदायिक वनलाई वन विनाश नहुने गरि पर्यटकिय हवको रुपमा विकास गरिने छ ।

९. फोहोरमैला ब्यवस्थापन ऐन,२०६८ मा रहि नगरपालिकाको समग्र फोहोरमैला ब्यवस्थापनका लागि कार्यविधि तयार गरिने छ ।

१०. प्रत्येक वडामा नमुना टोल विकास संस्था छनौट गरि विकासका निर्माण कार्यहरुमा सहभागि गराईने छ ।

११. विद्यालयमा दिगो वातावरणीय कार्यक्रम संचालन गरि वातावरणमैत्री विद्यालय घोषणा गरिने छ ।

१२. घडेरी खार्ने कार्यलाई निरुत्साहित गरिनेछ । घडेर खार्न अनुमति लिनु पर्ने, ठूलो स्केलमा खन्नु वा पुर्नु पर्दा वातावरणीय अध्ययन गरिनु पर्ने तथा घडेरी खार्दा सडकमा माटो आउने अवस्था राकिनेछ ।

१३. स्वच्छ तथा हराभरा धुलिखेलको लक्ष्यका साथ हरियाली प्रवर्द्धन गर्न सडकको दायाँ बायाँ बृक्षारोपण कार्यक्रम तथा एक वडा एक पार्क/उद्यान कार्यक्रमलाई निरन्तरता दिईने छ । जलवायु परिवर्तन र यसको प्रभावका कारण पानीको स्रोतमा आएको कमी र जमीनमुनीको पानीको सतह घटेको कुरालाई ध्यानमा राख्दै एक वडा एक पोखरीको कार्यक्रमलाई निरन्तरता दिदै भएका पोखरी, ईनार, कुवा, धारा, आदिको संरक्षणमा विशेष जोड दिईने छ ।

१४. नगरक्षेत्रको फोहोरमैलाको दिगो व्यवस्थापनका लागि व्यवस्थित ल्याण्डफिलसाइटको पूर्वाधार निर्माण गरिनेछ । सबै वडामा व्यवस्थित ढल निकासको निर्माण गरिनेछ । नगरको आन्तरीक स्रोतले यी स्केलको आयोजना संरचना गर्न संभव नभएकोले दातृ निकाय समक्ष पहल गरीनेछ ।

१५. घरेलु फोहरलाई कुहिने, नकुहिने र पुनः प्रयोग गर्न सकिने तीन तहमा घरमै छुट्टयाई सो को उपयोग र उचित व्यवस्थापनका लागि निजी क्षेत्र र गैरसरकारी निकायसँग साझेदारी गरिनेछ ।

१६. पिछडिएका वर्गहरुका लागि र विभिन्न चोकहरुमा नीजि तथा सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

१७. सार्वजनिक स्थलहरूमा फोहोरमैला फ्याँक्ने, सूर्तिजन्य पदार्थको प्रयोग गर्ने, भित्तेलेखन गर्ने र मापदण्ड विपरीतका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीको प्रयोगलाई पूर्णतः निषेध गरिनेछ ।

१८. गाडि मर्मत संभार गर्ने वर्कसपहरुले अनिवार्य रुपमा आफ्नो प्रयोगको क्षेत्र पक्की बनाई गाडिले सडकमा हिलो ल्याउन नपाउने र मोविल लागयत दुषीत पानी नालिमा पठाउन नपाउने नीति कडाईका साथ लागू गरिनेछ ।

१९. केही छानिएका क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न टोल विकास संस्थासँग सहकार्य गरिने छ । जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न एउटा अनुगमन तथा निगरानी समिति बनाइने छ। हाल फोहोरमैला बयबस्थापनमा प्रभाबकारी रुपमा कार्यान्वयन हुन सकेको छैन। यसको समिक्षा गरी सम्झौता पुनराबलोकन वा अन्य विकल्प अपनाई समस्याको समाधान गरीने छ । फोहरमैला व्यवस्थापन ऐन, २०६८ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

२०. धुलिखेलका अन्तराष्ट्रिय रुपमा प्रख्यात व्यक्ति तथा व्यक्तित्वहरुको सहयोग लिदै पुनः निर्माणलाई गतिशिल बनाईनेछ । पुनःनिर्माण क्षेत्रका समस्याहरुको निराकरण गर्न कार्यदल तथा कार्यटोलीहरुको निर्माण गरी समुदाय स्तरमा नै खटाइनेछ । भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक संरचनाहरुहरुको व्यवस्थित पुर्ननिर्माणको कार्य तत्काल अगाडि बढाउन आवश्यक पहल गरिनेछ ।

२१. विपद व्यवस्थापनको लागि संस्थागत संरचनाहरु सुदृढ गर्दै संभावित बिपद् जोखिम पहिचान गरी पूर्व तयारीको लागि आवश्यक कार्य गरिनेछ । आपतकालीन खोज, उद्धार तथा राहत र पुर्ननिर्माणका लागि आबश्यक प्रबन्ध गरिनेछ ।

२२. नगर क्षेत्रभित्र रहेको वनक्षेत्रलाई संरक्षण, सम्वर्द्धन र वनको दिगो उपभोग र व्यवस्थापनको लागि समुदायमा आधारित वन व्यवस्थापनलाई प्रबर्द्धन गरिनेछ। सडकका दायाँबायाँ बिभिन्न प्रजातिका रुख तथा फुलहरु रोपी Green City को अवधारणा अनुरुप विकास गरिनेछ ।

२३. समृद्धिका लागि वनको अवधारणा अनुरुप श्रीखण्डपुरको छलेश्वर वन, स्वर्गे हुमेन डाँडा वन, कटुवापाखा वन, शंखुको वन, फस्कोट वन लगायतका नगरक्षेत्रका सामुदायिक वनहरुको संरक्षण गर्दै इको टुरिजमको अवधारणा अनुरुप विकास गरिनेछ ।

२४. वायु प्रदुषण, भूप्रदुषण, ध्वनी प्रदुषण नियन्त्रणका लागि आबश्यक नीतिहरुको तर्जुमा गरी प्रदुषणमुक्त नगरको रुपमा अगाडि बढाइनेछ ।

२५. नगरक्षेत्र भित्रको जैविक विविधता र जैवीक चक्र अध्ययन गरी त्यसको संरक्षणको लागि आवश्यक ऐन नियम योजना बनाई कार्यान्वयन गरिनेछ । साथै जलवायु परिर्वनले पारेका असर र प्रभावको अध्ययन गरी जलवायु अनुकुलन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । Clean City को अवधारणा अनुरुप न्यून कार्वन उत्सर्जनको लागि नीति बनाई कार्यान्वयन गरिने छ । गोबरग्यास, सोलार लगायत सफा उर्जा र बैकल्पिक उर्जा विस्तारलाई प्रोत्साहन गरिनेछ ।

२६. पचासवटा भन्दा धेरै गेष्ट रुम भएका पर्यटकीय होटलहरु, तथा ठूला तथा ब्यवसायिक प्रयोजनको लागि निर्माण गरिएका अन्य घरहरुले आफ्नो होटल तथा घरबाट निस्कने फोहर पानी स्वयं प्रशोधन गर्नु पर्ने नीति लागू गरिने छ ।

२७. डम्पीङ्ग साईडको लागि खरिद गरिएको जग्गा क्षेत्रमा डम्पिङ्ग साइड विकास गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाईनेछ ।

## ङ **सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन संग सम्बन्धित नीतिहरु**

१. कर्मचारीहरुलाई उच्च मनोवलका साथ कामकाज लगाउन उनीहरुमा भएको ज्ञान, सीप र क्षमताको उचित मुल्यांकन गरी Right Person in Right Place का आधारमा कार्य विवरण सहितको जिम्मेवारी बाँडफाँड गरी निश्चित मापदण्डका आधारमा पुरस्कृत गर्दै लगिनेछ ।

२. धुलिखेल नगर क्षेत्रका विभिन्न बजार क्षेत्रमा सुरक्षा व्यवस्था कायम गर्न र पर्यटकहरुको तथा व्यवसाय कर असुलीमा सहयोग पुऱ्याउन नगर प्रहरीको थप व्यवस्था गरि परिचालन गरिने छ ।

३. सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल, सहज र पारदर्शि बनाइ{ VERSP-MIS बाट Forward Feed/Reverse Feed मार्फतबैङ्किङ प्रणालीमा आवद्ध गरिएको र ९० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई वडा वडामा गई बैंक मार्फत सहजिकरण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४. व्यक्तिगत घटनादर्ता कार्यक्रमलाई Online प्रणलीमा आवद्ध गरी छिटो छरितो सेवा लाई निरन्तरता दिईनेछ ।

५. नगरपालिकाको विभिन्न क्षेत्रहरुमा रहेको खाली ऐलानी र पर्ती जग्गाको खोजी गरी नगरपालिकाको मातहतमा लेराईनेछ ।

६. धुलिखेल नगरपालिका क्षेत्रभित्र विना स्वीकृति निर्माण हुने/भईरहेका घर टहराको अनुगमन गरी बनिसकेका संरचनालाई नगरपालिकाको स्वामित्वमा लिन, निर्माणाधिन संरचनाहरुलाई राख्नुका साथै यस्ता कार्यलाई निरुत्साहित गर्नको लागि अभियानका रुपमा कार्यक्रम संचालन गर्ने साथै न.पाको स्वामित्वमा निर्माण गरिएका भवन तथा संरचनाहरुको समेत नक्शापास गरि सम्पत्ति अभिलेख राख्ने कार्यलाई तदारुकताका साथ अगाढी बढाईनेछ ।

७. आयोजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गर्दा समितिमा संख्यात्मक भन्दा दक्ष र अनुभवी व्यक्तिहरुलाई चयन गर्ने र सार्वजनिक खरिद प्रकिया सम्बन्धी अभिमुखीकरण तालिम उपलव्ध गराउने ।

८. उपभोक्ता समिति गठन गर्दा हरेक वडाले कम्तिमा एउटा महिलाहरु मात्र सम्मिलित उपभोक्ता समिति गठन गरी योजना संचालन गरिनेछ ।

९. वर्षभरीको कार्यसपादनको आधारमा उत्कृष्ट काम गर्ने उपभोक्ता समिति, ठेकेदार, कर्मचारी, शिक्षक तथा सामाजिक व्यक्तित्वलाई नगरको स्थापना दिवसमा सम्मान गरिनेछ, साथै नगरपालिका भित्र रहेका विद्यालयहरुबाट एस.ई.ई र माध्यमिक तहमा उत्कृष्ट विद्यार्थीहरुलाई ुसमेत सम्मान गरिनेछ ।

१०. नगरपालिकाको कामलाई मर्यादित र व्यवस्थित बनाउन नगरपालिका अन्तर्गतका कर्मचारीहरुको मनोवललाई उच्च राख्न स्थानीय स्रोत साधन तथा कर संकलनको अवस्थालाई दृष्टिगत गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली, दण्ड पुरस्कारको व्यवस्था जस्ता पक्षहरुलाई ध्यान दिई परिचालन गरिनेछ ।

११. निर्माण क्षेत्रमा संलग्न मजदुरहरुलाई कार्पेण्टिङ, प्लम्विङ, वायरिङ जस्ता तालिमको व्यवस्था गर्ने र प्राप्त तालिमको परिचयपत्रको व्यवस्था गरिनेछ ।

१२. धुलिखेल नगरपालिकामा संचालित गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा नगरपालिकामा कार्यक्रम तथा बजेट पेश गरी चौमासिक खर्च सार्वजनिक गर्ने व्यवस्थाको अनिवार्य सुरुवात गर्न र नगरपालिकामा एन.जि.ओ डेक्सको व्यवस्था गरी सो मा दर्ता भए पश्चात मात्र नगरपालिका क्षेत्र भित्र कार्य गर्ने व्यवस्था गरिनेछ ।

१३. सार्वजनिक रुपमा छोडिएका पशु चौपाया विशेष गरी गाईका बाच्छाहरुलाई संरक्षण गर्नको लागि गैरसरकारी एवं निजी संस्था संगको सहकार्यमा संरक्षण स्थलको निर्माण तथा व्यवस्थापन गर्न र व्यक्तिगत लाभको लागि घरबाट सार्वजनिक रुपमा छोडिने पशुचौपाया धनीको पहिचान गरि नियमानुसार कारवाहीको दायरामा ल्याइनेछ ।

१४. योजनाहरुको गुणस्तरको अनुगमन गर्न जन प्रतिनिधिहरुको अनुगमन समिति गठन गर्ने र योजनाहरुको अन्तिम निकासा जाँचपास फरफारक गर्दा अनुगमन समितिको सिफारिस अनिवार्य गरिएकोमा सो को निरन्तरता दिईनेछ ।,

१५. यस धुलिखेल नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको अवकाशपछि पाउने सेवा सुविधाको व्यवस्थापनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार कर्मचारी अवकाश कोषको व्यवस्था गरिनेछ ।

१६. नगरपालिकाको पहिचान झल्कने लोगोको विकास गर्न र सोही लोगोको आधारमा धुलिखेल मायाको चिनो स्वरुप स्थानीय हस्तकलाको विकास गरिनेछ ।

१७. पारदर्शिता तथा जवाफदेहिता प्रवर्धनका लागि नगरपालिकाबाट सम्पादन भएका कामहरुको अवस्था र प्रगति बारे सर्वसाधारणको चासोलाई सम्बोधन गर्न सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्न र सो कार्यक्रम वडास्तरबाट समेत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१८. अपांगता भएका व्यक्तिहरुलाई मासिक रुपमा अपांगता परिचयपत्र नगरपालिका केन्द्रबाटै वितरण र नविकरण गर्ने व्यवस्था मिलाईनेछ ।

१९. कर्मचारीको सेवा प्रवाहलाई जनमुखी, प्रभावकारी तथा प्रविधिमैत्री वनाउन क्षमता विकास तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

२०. कर्मचारीहरु तथा नगरवासीहरुलाई अध्ययनशील बनाउन तथा ज्ञानसीपको पहुँच विस्तार गर्ने उद्देश्यका साथ नगरपालिकामा सुविधा सम्पन पुस्तकालयको व्यवस्था गरिनेछ ।

२१. यस नगरपालिका तथा वडाहरुमा गत विगत बर्षहरुदेखि अविच्छिन्न रुपमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा सन्तोषजनक रहेकोले निजहरुलाई निरन्तरता दिइनेछ ।

२२. कर्मचारीहरुसंग कार्यसम्पादन करार गरिने छ र कार्यसम्पादनको आधारमा मनोवल उच्च गरी कार्यदक्षता अभिवृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२३. यस नगरपालिकाबाट हुने विकास निर्माणका कार्यक्रमहरुलाई चैत्र मसान्तसम्म सम्पन्न गरेर समयमा काम सम्पन्न गर्ने उ.भो.स.लाई पुरस्कृत र नगर्नेलाई दण्डित गर्न र काम गर्ने क्षमता प्रदर्शन गरी केन्द्र सरकारबाट अन्यत्र खर्च गर्न नसकिएको रकम माग गरी काम गर्न सकिने सम्भावना अनुसार नीति कार्यक्रम परिमार्जन गरिनेछ ।

२४. २५ नगरपालिकाको संस्थागत विकास अन्तर्गत बाँकी वडामा वडा कार्यालयको निर्माण गर्न तथा वडा सचिव नभएका वडामा वडा सचिवको व्यवस्था गरी कामलाई सहज बनाइनेछ ।

२५. यस बर्ष नगरपालिकामा सञ्चालित विकास निर्माणका कामहरुको चाप असार मसान्तमा ज्यादै परेकोले सोको अनुगमन तथा मुल्याँकनलाई प्रथम प्राथमिकता दिई सघन रुपमा गर्न र योजना बर्गिकरण गरी रु १ लाखसम्मका योजना वडाबाटै सम्पन्न गर्ने नीति लिईनेछ ।

२६. नगरपालिकाको कामलाई जनताको प्रत्यक्ष पहुँच स्थापित गर्न अनलाईन प्रणालीको विकास गरी APPs मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

२७. नगरपालिका कार्यालयमा जनप्रतिनिधि र कर्मचारीबीच समय समयमा अन्तरकृयात्मक कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह तथा विकास निर्माणलाई समन्वयात्मक रुपमा अगाडी बढाईनेछ ।

२८. नगरपालिकाको आम्दानीका स्रोतहरुलाई बढाउनका लागि घरदैलो कार्यक्रम गरी बक्यौता असुली गर्न र सम्पत्ती करको हकमा प्रत्येक घरमा घरदैलो कार्यक्रम गरी करदाताले पूर्व जानकारी पाउने गरी विजक जारी गरिनेछ ।

२९. बेरुजुलाई शुन्यमा झारी नमूना नगर बनाईनेछ ।

३०. आर्थिक प्रशासन, र राजश्व प्रशासनलाई एकिकृत गरी एउट Software बाट चलाई नमूना नगर बनाउन र राजश्व संकलनको लक्ष्यलाई पुरा गरिनेछ ।

३१. उपभोक्ताहरुसंग समयमै योजना संझौता गरी कार्यान्वयनलाई थप प्रभावकारी बनाउन निश्चित समय तोकी टोल बस्तीहरुमा योजना सम्झौता सप्ताह अभियान संचालन गरिनेछ ।

३२. अदालतमा जाने मुद्दाहरुको संख्या घटाउन र समाजमा मेलमिलाप र सद्भाव कायम गर्न न्यायिक समितिको क्षमता अभिबृद्धि गरी समितिलाई साधनश्रोत सम्पन्न गराईनेछ ।

३३. नगरपालिकाको संगठन संरचना बमोजिमका शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी आवधिक प्रतिवेदन लिईनेछ ।

३४. नगरपालिकाको समग्र राजश्व संभाव्यता अध्ययन गर्नको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ र सोही अध्ययन प्रतिवेदनलाई समेत आधार मानी करदाता शिक्षा सप्ताह संचालन गरिनेछ ।

३५. यस नगरपालिकाको पार्श्वचित्रको नियमित रुपमा अध्यावधिक गर्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३६. एकिकृत शहरी विकास योजना (IUDP, Integrated Urban Development Plan) लाई कार्यान्वयनमा लेराईनेछ ।

३७. धुलिखेल नगरपालिकालाई प्रविधिमैत्री बनाउनको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।

३८. ई-गर्भनेन्सको अवधारणलाई संस्थागत रुपमा अगाडी बढाउनको लागि ईन्टरनेट सेवा र आवश्यक तालिमको विस्तार गर्न र प्रत्येक बडामा हालसम्म भएका व्यक्तिगत घटनालाई अनलाईनमा प्रविष्ट गरी अभिलेख व्यवस्थित गरिनेछ ।

३९. धुलिखेलको पर्यटकीय महत्वको प्रचार प्रसार गर्न र नगरबासीहरुलाई सूचनाको हक प्रदान गर्ने उद्देश्यका साथ सम्पूर्ण गतिविधिहरुको डिजिटल वोर्ड मार्फत जानकारी गराईनेछ ।

४०. यस नगरपालिकाका बिषयगत समितिको लागि सम्पर्क कार्यालयको स्थापना गरी भए गरेका कामलाई जनता समक्ष सुसुचित गराईनेछ ।

४१. टोल बस्तीबाट संकलित योजनालाई वडाले एकिन गरी पेश गरेका योजनाको बैंक तयार गरिनेछ ।

४२. व्यवसाय दर्ता, नविकरण तथा राजश्व अशुलीको लागि सप्ताहव्यापी कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. सबै वडा कार्यालयहरुलाई यसै बर्षदेखि अनलाईन प्रणलीमा आवद्ध गरी सेवा प्रदान गर्ने उद्देश्य रहेको हुनाले सहायकको रुपमा कार्यरत कर्मचारीहरुलाई मात्र निजहरुको कम्प्युटर सम्बन्धी तालिम तथा शैक्षिक योग्यताको आधारमा कार्यालयले O & M नगरेसम्मको लागि प्रत्येक वडामा १-१ जना सहायक कम्प्युटर अपरेटर दरबन्दी थप गरी व्यवस्थापन गरिनेछ ।

४४. नेपाल सरकारबाट स्वीकृत कर्मचारी दरबन्दि तेरिज र संगठन तालिका समेतलाई मध्यनजर गर्दै नगरपालिकाको कामको प्रकृति, आवश्यकता र खर्च गर्ने क्षमताका आधारमा संगठन संरचनाको पुनरवलोकन गरि उच्च मनोवलका साथ कर्मचारीलाई कामकाज लगाउन विभिन्न विषयगत समितिबाट गठन गरिएका कार्यदलहरुले दिएका सुझावहरुलाई क्रमश: कार्यान्वयन गर्दै लगिनेछ ।

## च. भवन निर्माण, नक्सा पास, तथा भूमी व्यवस्थापन सम्बन्धी नीतिहरु

१. बस्ती विकास शहरी  योजना तथा भवन निर्माण मापदण्ड बमोजिम प्लटिङ्गलाई ब्यबस्थित गरिनेछ । प्लटिङ्ग गार्दा अनिवार्य रुपमा नगरपालिकावाट स्वीकृती लिनुपर्ने छ  न.पा बाट स्वीकृति नलिई गरिएको प्लटिङ्गमा नक्सा पास नगर्ने नीति हामीले तर्जूमा गरिसकेको छौ । यस्ता प्लटिङ्गहरुलाई समयमा नै स्वीकृति लिन पनि एक महिना समय अबधि तोकी सूचना जारी गरिसकीएको छ । Land Use Plan  नबने सम्म बस्ती बस्न  अयोग्य क्षेत्रमा प्लटिङ्ग स्वीकृति नदिने नीतिलाई आगामि आ.व.मा समेत निरन्तरता दिईनेछ ।

२. नगरपालिकाले सहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड जारी गरी कार्यान्वयन गरेको छ। यसलाई कडाइका साथ कार्यान्वयन गरिने छ। नगरपालिकाका विस्तारित वडाहरुमा सडक मापदण्ड र घरको मापदण्ड पुगेका घरहरुको आगामी आ.व. भित्र मात्र समय तोकि नक्सा अभिलेखीकरणको लागि अनुरोध गरिनेछ। यस्तो अभिलेखीकरण गर्दा गैर नाफामूलक तथा सामुदायिक संस्थाहरुको भवनलाई ५० प्रतिशत छुट दिइने कार्यकमलाई निरन्तरता दिईनेछ ।

३. भुकम्प पिडितलाई जुनसुकै डिजाईनको आधारमा घर निर्माण गर्दा धरौटी बापतको रु ५०००।०० रकम छुट दिने नीतिलाई निरन्तरता दिईनेछ ।

४. साविक गाविस हुँदा बनेका घरहरुलाई अनिवार्य रुपमा नक्शा पास अभिलेख गर्ने गरि प्रकृया अघि बाढाईएको छ र सो को निरन्तरता दिईने छ ।

५. भुकम्प पश्चातको पुनःनिर्माण कार्यलाई गतिदिन सरकारले जारी गरेको २२ वटा डिजाईनलाई निशुल्क नक्शा पास कार्यलाई यो आ.व.पनि निरन्तरता दिईनेछ ।

६. धुलिखेल तथा श्रीखण्डपुरको मुख्य क्षेत्र भित्र घर अगाडिको मोहडा पुरानो तथा पुरातात्विक शैली झल्कने गरी निर्माण कार्य गर्ने गरि नक्शा पास गर्ने प्रकृयालाई निरन्तरता दिईनेछ । यसरी निर्माण गरिने घरको नश्शापासमा ५० प्रतिशत राजश्व छुट दिईने छ । साथै पुरानो घर अनुसारको डिजाईनमा सम्बन्धित घरधनिले घर निर्माण गरेमा नक्शाको डिजाईन तथा पास निशुल्क गरिने छ ।

७. यस धुलिखेल नगरपालिकाबाट नक्सा पास गरी निर्माण भएका भवनहरुमा तला थप गर्नको लागि माग गरेमा, तत्कालिन नक्सा पास भएको सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट व्याक पूरा भएको, तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा र "राष्ट्रिय भवन संहिता–२०६०" अनुसार आवश्यकता भएमा भूकम्पीय सुदृढीकरण (Retrofitting सहित तला थपको अनुमति प्रदान गर्ने नीति लिइनेछ । घर नक्सा स्वीकृत कम्प्युटर प्रणाली मार्फत गरिने छ ।

८. नगरपालिका क्षेत्र भित्र निर्माण गरिएका अधिकाँश ठुला तथा भित्रि सडकहरुको हाल सम्म पनि लगत कट्टा नभई व्यक्तिको नाममानै कायम रहेको कारण बोटो सम्बन्धमा विवाद तथा सडक बिक्रि तथा अतिक्रमण हुने समेत भएको हुँदा आगामि अ.व.बाट सडकको लगत कट्टा कार्य शुरु गरिने छ ।

## छ. <u>सूचना, सञ्चार तथा प्रविधि सम्बन्धि नीतिहरु :</u>

१. आगामी आ.व. मा राजस्व संकलन को लागि E-payment सिस्टम संचालनको लागि थप प्रक्रिया अघि बढाइने छ यस बाट नगरबासीलाई राजस्व बुझाउने कार्यमा सहजता हुने छ ।

२. चालु आब मा सुरु गरिएको Free WIFI लाई यस बर्ष निरन्तरता दिंदै यसै वर्षपनी सहरी क्षेत्रका साथै वडाका महत्वपूर्ण ठाउँहरुमा जडान गरिने छ ।

३. राजस्व संकलन गर्ने लगायत सहज सूचना प्रवाहको लागि बाकीं वडाहरुमा यसै वर्ष आफ्नै Dedicated Optical Fiber जडान गरी नगरपालिका केन्द्रसँग सोझै जोडिने छ । यसबाट वडाहरुमा Internet,राजश्व संकलन, CC camera servelance, ई हाजिरी व्यवस्थापन लगायतका कार्यमा सहजीकरण हुनेछ ।

४. सूचना प्रबाह लाई अझै चुस्त बनाउन Digital Display बोर्डको व्यवस्था गरिने छ ।

५. नगरपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित बनाउँन र कागजरहित तथा अनलाईन सेवाको प्रवर्द्धन गर्न यस क्षेत्रमा प्रयोग भईरहेका सफ्टवेयर तथा मोवाईल एप्लिकेशनहरुको प्रयोग गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६. नगरका सवै वडाहरुलाई समेटी संवेदनशील क्षेत्रको सुरक्षाको लागि जिल्ला प्रहरी कार्यालयले मोनिटरिङ गर्ने गरि नगरका चोक र महत्वपूर्ण स्थलहरुमा CCTV जडानको काम चालु आव बाटैसुरु भई सकेको र थप अन्य ठाउमा CCTV Camera जडान गरी नागरिक सुरक्षा प्रणालीलाई व्यवस्थित गरिनेछ । संचार तथा सूचना प्रविधिको व्यवस्थापनका लागि बजेटको व्यवस्था गरेकोछु ।

७. सबै कर्मचारीहरुलाई सूचना प्रबिधि मैत्री बनाउनको लागि सूचना प्रबिधि सम्बन्धि तालिम कार्यक्रम संचालन गरिने छ ।

८. नगर भित्रका सम्पूर्ण DATA व्यबस्थापन को लागि आफ्नै Server को व्यवस्था गरिएको साथै आर्थिक कारोबार लाइ Cyber Threats बाट बचाउनको लागि Firewall System र SSL Certificate को व्यवस्थापनका लागी बजेटको व्यवस्था गरेको छु ।

## ज. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संबन्ध विस्तार तर्फका नीतिहरुः

**दुईपक्षीय सम्बन्ध तथा अनुभव आदान प्रदानमा भएका महत्वपूर्ण उपलब्धीहरु (अन्तराष्ट्रिय सम्बन्ध)**

१. नगरपालिकाले आफ्नो भौतिक स्नरचना, प्रविधिको विस्तार, कर्मचारी दक्षताको बृत्ति विकासमा सहयोग पुग्ने उदेश्यले विश्वमा रहेका विकसित राष्ट्रका विभिन्न शहरहरुसँग मित्रवत तथा भगिनी सम्बन्ध स्थापना गर्ने निति अघि बढाईएको छ। नगरपालिकाले त्यस्ता शहरहरुसँग भगिनी सम्बन्ध स्थापना गर्न सकेको खण्डमा त्यहाँ रहेका विकास केन्द्रित गतिविधि तथा कार्यहरु बारे जानकारी लिन सकिने र त्यस्ता विकास केन्द्रित कार्य तथा क्रियाकलाप यस नगरपालिकामा स्थापना गर्न सकिने भन्ने मुख्य उदेश्यका साथ नगरपालिकाले भगिनी सम्बन्ध विस्तार गर्ने निति लिईएको छ। .

२. यसै अनुरुप यस नगरपालिका र उल्जिन काउन्टी, दक्षिण कोरिया बीच भगिनि सम्बन्ध स्थापनार्थ प्रारम्भिक सम्झौता सम्पन्न भई सकेको छ । यस सम्बन्ध पश्चात दुवै शहरहरुबीच मित्रवत सम्बन्ध स्थापित भई दुवै देशको नियम कानुनमा आधारित रही पारस्पारिक लाभ तथा समानताको सिद्धान्तमा कृषि, व्यापार, पर्यटन, संस्कृति, शिक्षा, व्यक्तित्व विकास, व्यापार प्रवर्दन, पारस्परिक सम्बृद्धि लगायतका विविध क्षेत्रहरुमा सक्रिय तथा प्रभावकारी रुपमा सहयोग आदान(प्रदान तथा सहकार्य अभिवृद्धि गर्दै दुवै तर्फको साझा सम्मृद्धि तथा विकास प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। यसै अनुरुप नगरपालिकाले छिमेकी देश चीनको ईयू शहर सँग भगिनी सम्बन्ध स्थापना गर्ने प्रक्रियामा रहेको र सोको लागि आवश्यक अभ्यासहरु गरिदै उक्त शहर बीच छिट्टै नै भगिनी सम्बन्ध स्थापना हुने व्यहोरा समेत जानकारी गराउदछु ।

३. धुलिखेल नगरपालिकाको समग्र पर्यटनको प्रवर्द्धन तथा विकासका लागि सो क्षेत्रमा निरन्तर कार्य गर्ने सँस्था सँग सम्बन्ध विस्तार गर्ने नगरपालिकाको लक्ष्य रहेको छ । यसै अनुरुप अन्तराष्ट्रिय पर्यटनको विकासमा कार्य गर्ने अग्रणी अन्तराष्ट्रिय संस्था (TPO- Tourism Promotion Organization for Asia Pacific Cities) सँग सदस्यता लिने कार्य समाप्त भएको छ। उक्त संस्था सँग आफ्नो पर्यटन प्रवर्द्धन तथा पर्यटन उद्योगको स्थापना तथा विकास गर्ने उदेश्यले विश्वका लगभग २०० भन्दा बढी शहरहरु आबद्द भईसकेको सन्दर्भमा धुलिखेल पनि एक ऐतिहासिक, पुरातात्विक, प्राकृतिक सम्पदाले भरिपूर्ण भई पर्यटनको प्रचुर सम्भावनायुक्त नगरी भएको कारणले उक्त संस्था सँग सदस्यता लिन पहल गरिएको हो । उक्त सँस्था सँगको सदस्यता पश्चात नगरपालिकाले आफ्नो पर्यटन प्रवर्द्धनमा अन्तराष्ट्रिय स्तरमा भएका पहलहरु सिक्न र बुझ्न मौका मिल्ने अपेक्षा लिईएको छ।

४. नगरपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधि ज्यूहरुलाई अन्तराष्ट्रिय स्तरको विषयगत तालिम प्रदान गरी सिप विकास गराउने उदेश्यले नगरपालिकाले विभिन्न अन्तराष्ट्रिय संघ संस्थाको सदस्यता लिने निति अगाडी बढाईएको छ । यसै क्रममा WeGO-World E-Government Organization_सँग सदस्यता लिईएको र उक्त संस्थाको आयोजनामा नगरपालिकामा कार्यरत विभिन्न शाखागत कर्मचारीहरुलाई विभिन्न सीप मूलम तथा क्षमता विकास तालिममा सहभागि गराईसकिएको छ। यसै क्रममा नगरपालिकाको शहरी विकास तथा सडकको स्तरिय व्यवस्थापनका गर्न सडक सम्बन्धी कार्य गर्ने अन्तराष्ट्रिय संस्था (IRF) International Road Federation सँग सदस्यता लिने सम्बन्धमा आवश्यक पहल समेत भईरहेको छ, यसका साथै विश्वका विभिन्न देशहरुका स्थानीय सरकारहरुको संगठनका रुपमा स्थापित

UCLG ASPAC (United Cities and local Government Asia Pacific) संस्था सँग समेत सदस्यता लिने सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाईएको छ ।

५. यस संस्था संगको सदस्यता पश्चात विश्वका विभिन्न राष्ट्रका स्थानीय सरकारबाट हुने काम कारवाही, कार्य सम्पादन, विकास आयामिक गतिविधिहरुलाई अध्ययन तथा प्रत्यक्ष अवलोकनबाट सिक्न र बुझ्न उपर्युक्त वातावरण सिर्जना हुनेमा अपेक्षा लिईएको छ ।

६. त्यस्तै नेपाल नगरपालिका संघको संयोजन तथा UCLG ASPAC (United Cities and local Government Asia Pacific) को सहकार्य एवं वाताबरण तथा जनसंख्या संस्था (एन्फो) को प्राबिधिक सहकार्यमा नेपालका ५ वटा नगरपालिकामा संचालित (Municipalities Network Advocacy on Sanitation in South Asia) परियोजनाको कार्यन्वयन सन्दर्भमा नेपाल नगरपालिका संघ र धुलिखेल नगरपालिका बीच समझदारी पत्रमा (MOU) हस्ताक्षर समेत सम्पन्न गरिएको छ ।

७. दुई शहरहरुबीचको मित्रतालाई अझै बढावा दिने सम्बन्धमा चीनको सियान नगरपालिकाका सँग मित्रवत सम्बन्ध स्थापनाका लागि प्रकयिा अगाडि बढाईएको छ । यस सम्बन्ध बिस्तार सँगै दुई शहरबीच दुईपक्षीय हित र आपसी चासोका विषयमा सहयोग हुनेमा अपेक्षा लिईएको छ । यस सम्बन्ध बिस्तारको प्रारम्भिक छलफलमा विशेषत सियानमा रहेका विभिन्न विश्वविद्यालयमा धुलिखेल नगरपालिकाका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने सम्बन्धमा छलफल भए सँगसँगै यस सम्बन्ध विस्तारबाट मूलत: धुलिखेलका विद्यार्थीहरुलाई बैदेशिक उच्च शिक्षा अध्ययनमा रुची भएका विद्यार्थीहरुका लागि समेत सहयोग पुग्नेछ ।

८. Australian Volunteer Program सँग समन्वय गरी नगरपालिकाको शहरी विकास तथा कृषि आधुनिकीकरणलाई थप प्रवल बनाउने उदेश्यका साथ सो क्षेत्रका विषय विज्ञ Autralian Volunteer ल्याई कामकाज गराईएको । Australian Volunteer Program अन्तर्गत पहिलो चरणको कार्यक्रम(First Phase) सफलता पूर्वक सम्पन्न भएको सन्दर्भमा पुन: दोस्रो चरण (Second Phase) कार्यक्रमका लागि आबश्यक प्रकृया सकिएको छ । तसर्थ यस चरणमा शहरी विकास विज्ञलाई यथावत राख्दै Agro-Tourism विज्ञलाई उच्च प्राथमिकतामा राखी सोही अनुसारका विषय विज्ञ ल्याउन प्रकृया अघि सारिएको छ । Agro-Tourism विज्ञबाट धुलिखेलको कृषि आधुनिकीकरण सँगसँगै पर्यटन प्रवर्द्धन र विकासमा उल्लेखनीय सहयोग पुग्ने अपेक्षा गरिएको छ ।